# प्रभाव दैनिक

National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक ९ | काठमाडौं | शनिबार, १९ वैशाख २०८३ | Prabhab National Daily | Saturday, 2 May 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५ ।-


## बल्खु र वंशीघाटको सुकुमबासी बस्तीमा पनि चल्यो डोजर



**काठमाडौं महानगरपालिका–१६ विष्णुमती खोलाको दायाँबायाँको किनारमा रहेको सुकुमवासी बस्तीका घरटहरा ।**
*तस्बिरः हरिराम भेटुवाल/रासस*

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सरकारले काठमाडौंका सुकुमबासी बस्ती खाली गराउने क्रममा शुक्रबार बल्खु र वंशीघाटमा पनि डोजर चलाएको छ । ती सुकुमबासी वस्तीबाट हटाइएकामध्ये शुक्रबार दिउँसोसम्म ५० घर परिवारले दशरथ रंगशालामा पुगेर नाम टिपाएको अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिले जनाएको छ ।

उनीहरूले घर, जग्गा, पैतृक सम्पत्ति नभएको र न्यून आयस्रोत भएको उल्लेख गर्दै विवरण टिपाएका हुन् । दशरथ रंगशालामा शहरी विकास तथा भवन निर्माण विभाग, काठामाडौं उपत्यका विकास प्राधिकरण, अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समिति र काठमाडौं महानगर प्रहरीको संयुक्त टोलीले उनीहरूको विवरण संकलन गरिरहेको छ ।

विवरण संकलनपछि स्वास्थ्य जाँच तथा मनोपरामर्श गरेर उनीहरूलाई तोकिएका 'होल्डिङ सेन्टर'मा लैजाने तयारी भइरहेको

> “ उनीहरूलाई ललितपुरको धापाखेलस्थित टेवा कार्यालय तथा निवास, भक्तपुरको खरिपाटीको विद्युत् तालिम केन्द्र, बोडेस्थित कृषि विकास बैंक तालिम केन्द्र, नगरकोट खानेपानी तालिम केन्द्र, काठमाडौंको चोभारस्थित तरकारी बजार व्यवस्थापन केन्द्र र काभ्रे होल्डिङ सेन्टरमा लैजाने

जनाइएको छ । उनीहरूलाई तत्कालका लागि ललितपुरको धापाखेलस्थित टेवा कार्यालय तथा निवास, भक्तपुरको खरिपाटीको विद्युत् तालिम केन्द्र, बोडेस्थित कृषि विकास बैंक तालिम केन्द्र, नगरकोट खानेपानी तालिम केन्द्र, काठमाडौंको चोभारस्थित तरकारी बजार व्यवस्थापन केन्द्र र काभ्रे होल्डिङ सेन्टरमा लैजाने तयारी भइरहेको छ । 'दशरथ रंगशालामा आइपुग्नु भएका सुकुम्बासीको विवरण सङ्कलन गरी उहाँहरूलाई होल्डिङ सेन्टरमा पठाउने तयारी भइरहेको छ,' अधिकार सम्पन्न बाग्मती सभ्यता एकीकृत समितिका आयोजना निर्देशक मचाकाजी महर्जनले भने ।

### सुकुमबासीलाई बहुआयामिक स्वास्थ्य सेवा

बागमती र त्यसका सहायक नदी किनारबाट हटाइएका सुकुमबासीका लागि सरकारले त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा स्वास्थ्य शिविरमार्फत बहुआयामिक स्वास्थ्य सेवा उपलब्ध गराइरहेको जनाएको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव डा विकास देवकोटाले सकेसम्म धेरै नागरिकलाई समेटेर स्वास्थ्य उपचार सेवा प्रदान गर्ने प्रयास भइरहेको बताए । उनका अनुसार शिविरमा बालरोग, स्त्रीरोग, दन्त उपचार तथा मनोसामाजिक परामर्श सेवा सञ्चालन गरिएको छ ।

⏭ क्रमशः पृष्ठ २ मा

---

सरकारविरुद्ध पहिलोपटक आक्रामक गगन

## 'सुकुमबासी बस्तीमा डोजर हैन, कानुन प्रयोग गर'

- नदी किनार खाली गर्नैपर्छ, तर त्यो काम डोजरले होइन, कानुनको प्रयोग गरेर गर
- नक्कली सुकुम्बासीलाई दण्ड देऊ, तर वास्तविक भूमिहीनलाई पहिचान नगरी, पुनर्स्थापनाको आधार नबनाई, धम्क्याएर र लखेटेर हटाउने काम तत्काल बन्द गर
- राज्यको सामर्थ्य डोजरको दाँतमा होइन, कानुनको न्यायपूर्ण कार्यान्वयनमा देखाऊ



■ **जेबी योञ्जन**

**काठमाडौं–** नेपाली कांग्रेसका सभापति गगन थापाले सुकुमबासी बस्तीमा जबरजस्ती डोजर लगाउनु ठिक नभएको बताएका छन् । सुकुमबासी बस्ती हटाइएकोबारेमा पहिलोपटक धारण राखेका सभापति थापाले अब बोल्नैपर्ने समय आएको बताए ।

थापाले नागरिकलाई युद्ध अपराधीजस्तो व्यवहार गरेकोसमेत बताए । 'अतिक्रमण हटाउने अधिकार सरकारलाई छ, तर आफ्ना नागरि कसँग युद्ध अपराधीजस्तो व्यवहार गर्न मिल्दैन । कानुनको शासनमा परिणामजत्तिकै प्रक्रिया पनि महत्त्वपूर्ण हुन्छ,' प्रज्ञा भवनमा शुक्रबार आयोजित कार्यक्रममा थापाले भने । उनले सभ्य र नम्र हुँदा कमजोरी नठान्नसमेत सरकारलाई चेतावनी दिए । 'हामी सभ्य र विनम्र भएर प्रश्न गर्छौं, खबरदारी गर्छौं र विकल्प पनि सुझाउँछौं । तर, सरकारले हाम्रो विनम्रतालाई कमजोरी नठानोस् । हामी नम्र छौं तर कमजोर छैनौं,' थापाले भने ।

नक्कली सुकुमबासी हटाउनै पर्ने भए पनि कानुनी बाटो समाउनुपर्ने उल्लेख गर्दै थापाले सामाजिक सञ्जालमासमेत सरकारप्रति रोष पोखेका छन् । 'नदी किनार खाली गर्नैपर्छ, तर त्यो काम डोजरले होइन, कानुनको प्रयोग गरेर गर,' थापाले भनेका छन्, 'नक्कली सुकुम्बासीलाई दण्ड देऊ, तर वास्तविक भूमिहीनलाई पहिचान नगरी, पुनर्स्थापनाको आधार नबनाई, धम्क्याएर र लखेटेर हटाउने काम तत्काल बन्द गर ।'

थापाले राज्यको सामर्थ्य डोजरको दाँतमा होइन, कानुनको न्यायपूर्ण कार्यान्वयनमा देखिनुपर्ने बताएका छन् ।

संवैधानिक परिषद्सम्बन्धी अध्यादेशप्रति लक्षित गर्दै थापाले संवैधानिक संरचनाको सन्तुलन बिगार्न खोजिएको आरोप लगाए । संवैधानिक परिषद् राज्यको भएको उल्लेख गर्दै थापाले यसमा प्रतिपक्षी दलको पनि भूमिका हुने भएकाले यसको बनोट फेर्न खोज्नु अलोकतान्त्रिक भएको बताए । निर्वाचनले रास्वपालाई सरकार चलाउने र कांग्रेसलाई प्रतिपक्षमा बस्ने म्यान्डेट दिएको उल्लेख गर्दै थापाले कांग्रेसले आफ्नो भूमिका जिम्मेवारीपूर्वक निर्वाह गर्ने स्पष्ट पारे । 'रास्वपालाई ५ वर्षका निम्ति सरकार चलाउने म्यान्डेट दिएको छ । हामी चाहन्छौँ उहाँहरूले प्राप्त गरेको म्यान्डेटअनुसार ठीक ढंगले आफ्नो जिम्मेवारी निर्वाह गर्नुहोस्,' थापाले भने, 'तर, यही इलेक्सनले नेपाली कांग्रेस पार्टीलाई संघीय तहमा पाँच वर्षको निम्ति प्रतिपक्षको भूमिका निर्वाह गर्ने म्यान्डडेड दिएको छ ।'

सभापति थापाले लोकतन्त्रमा प्रतिपक्षको काम प्रश्न र खबरदारी गर्ने भएको बताए । 'लोकतन्त्रमा प्रतिपक्षीको काम प्रश्न गर्ने हो, खबरदारी गर्ने हो, आवश्यकता परेको बेलामा प्रतिवाद र प्रतिरोध गर्ने हो । विकल्प सुझाउने काम पनि हो,' थापाले भने । देशको वर्तमान आर्थिक अवस्थाप्रति इंगित गर्दै सभापति थापाले अर्थतन्त्र 'कोमा'मा जान लागेको संकेत गरे । बैंकमा पैसा थुप्रिने तर ऋण लिने वातावरण नहुनुले लगानीकर्तामा विश्वासको कमी देखिएको उनको भनाइ थियो ।

कूटनीतिक र व्यापारिक सम्बन्धका विषयमा बोल्दै थापाले भारतले नेपाली चियामा लगाएको कर र चीनसँगको नाकामा देखिएको अवरोधका कारण नेपाली उद्यमी मारमा परेको बताए । नेपालको चिया ठूलो उद्योगका रूपमा स्थापित हुँदै गरेको अवस्थामा भारतले लगाएको करका कारण यो क्षेत्र चौपट हुने स्थितिमा पुगेको भन्दै उनले प्रभावकारी कूटनीतिक संवादमार्फत नेपाली उत्पादनलाई सहुलियत दिलाउन सरकारलाई आग्रह गरे ।

चीनसँगको उत्तरी नाकामा भइरहेको अवरोधले नेपाली अर्थतन्त्रमा नकारात्मक असर परेको भन्दै उनले सहज व्यापारिक वातावरण निर्माण गर्न तत्काल पहल गर्नुपर्ने बताए । भारत र चीन मिलेर लिपुलेक हुँदै मानसरोवर जाने बाटो खोल्ने सन्दर्भमा भइरहेका छलफलप्रति लक्षित गर्दै उनले यस्ता विषयमा नेपालको उपस्थिति र अडान स्पष्ट हुनुपर्ने बताए ।


श्रमिक अधिकारका विषयमा बोल्दै उनले ट्रेड युनियनहरू राजनीतिक दलको प्रभावबाट मुक्त भई श्रमिकको मुद्दामा केन्द्रित हुनुपर्नेमा जोड दिए । 'युनियनको नेतृत्वले पार्टीको मुख ताक्ने होइन, तल श्रमिकको अवस्था हेर्ने हो । दलको झोला बोकेको आरोपबाट मुक्त हुन युनियनले आफ्नो व्यावसायिक मर्यादा कायम राख्नुपर्छ,' सभापति थापाले भने ।

---

**सन्दर्भः वैदेशिक रोजगार**

## सामाजिक सुरक्षा कोषमा आबद्ध श्रमिकलाई डेढ करोडसम्म ऋण

- श्रमिकहरूले घडेरी किन्न ६ प्रतिशत ब्याजदरमा कर्जा उपलब्ध गराउने र त्यसबाहेक एक करोड ५० लाख रूपैयाँसम्म नियमानुसार सापटी लिन सक्ने
- विदेशमा रहेका नेपाली श्रमिकसँग प्रत्यक्ष संवाद, सूचना प्रवाह र समस्या समाधानलाई प्रभावकारी बनाउन विदेशस्थित नेपाली दूतावासमा रहेका श्रम सहचारी/कन्सुलरबाट हप्तामा एक पटक फेसबुक लाइभ कार्यक्रम सञ्चालन गरिने
- पाँच वर्षे राष्ट्रिय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य कार्यक्रमको औपचारिक शुरूवात



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सरकारले श्रमिकहरूले घडेरी किन्न ६ प्रतिशत ब्याजदरमा कर्जा उपलब्ध गराउने र त्यसबाहेक एक करोड ५० लाख रूपैयाँसम्म नियमानुसार सापटी लिन सक्ने व्यवस्था मिलाइएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री रामजी यादवले अन्तरर्राष्ट्रिय श्रमिक दिवसका अवसरमा शुक्रबार यस्तो व्यवस्था मिलाएको घोषणा गरेका हुन् ।

कोषले पहिलो पटक यस्तो प्रकारको आवासीय जग्गा खरिदसम्बन्धी कर्जा सुविधा कार्यान्वयनमा ल्याउन लागेको हो । शुक्रबारै मन्त्री यादवले थप महत्वपूर्ण कामको घोषणा गरेका छन् । १३७औं अन्तरराष्ट्रिय श्रमिक दिवस अर्थात् मे दिवस दिवसको अवसरमा मन्त्री यादवले भिडियो सन्देश जारी गर्दै पहिलो घोषणाअन्तर्गत पाँच वर्षे राष्ट्रिय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य कार्यक्रमको औपचारिक शुभारम्भ गरिएको बताए ।

उक्त कार्यक्रमले प्रत्येक श्रमिकको सुरक्षा, स्वास्थ्य र सुरक्षित कार्य वातावरणको अधिकार सुनिश्चित गर्ने यादवको भनाइ छ । दोस्रो घोषणामा विदेशमा रहेका नेपाली श्रमिकसँग प्रत्यक्ष संवाद, सूचना प्रवाह र समस्या समाधानलाई प्रभावकारी बनाउन विदेशस्थित नेपाली दूतावासमा रहेका श्रम सहचारी/कन्सुलरबाट हप्तामा एक पटक फेसबुक लाइभ कार्यक्रम सञ्चालन गरिने पनि मन्त्री यादवले उल्लेख गरे । 'अब तपाईंहरू जहाँ हुनुहुन्छ सरकार तपाईंसँगै छ,' यादवले भने ।

⏭ क्रमशः पृष्ठ २ मा

### श्रमिक दिवसमा दूतावासहरू श्रमिकसँग जोडिए

अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसर पारेर विदेशस्थित नेपाली दूतावासहरूले फेसबुक लाइभ सुरु गरेका छन् । श्रमिकसँग प्रत्यक्ष जोडिएर उनीहरूको गुनासो तथा समस्यालाई सम्बोधन गर्न दूतावासको आधिकारिक फेसबुक पेजबाट लाइभ सुरु गरिएको जनाइएको छ ।

शुक्रबार साउदी अरेबिया, मलेसिया, ओमान र कुवेतस्थित नेपाली दूतावासले लाइभ कार्यक्रम गरेका छन् । इराकमा भएका नेपालीहरूले भने कुवेतकै लाइभमा जोडिएर प्रश्न सोधेका थिए । श्रमिकको समस्या नै नसुन्ने भन्ने आरोप लागेका दूतावासहरू फेसबुकबाटै भएपनि श्रमिकसँग जोडिएको भन्दै सम्बन्धित मुलुकमा रहेका नेपालीहरूको यो कदमलाई सकारात्मक रूपमा लिएका छन् ।

⏭ क्रमशः पृष्ठ २ मा


**जातीय भेदभाव उन्मूलन गरौं ।**

- सबै मानिस समान हुन्,
- समावेशी समाज निर्माणमा सबैको समान सहभागिता सुनिश्चित गरौं,
- भेदभावविरुद्ध आवाज उठाउँदै न्याय र समानताको पक्षमा पैरवी गरौं,
- विद्यालय, कार्यस्थल र समुदायमा समान व्यवहार अपनाऔं,
- मानव अधिकारको सम्मान र संरक्षण गरौं,
- विभेदजन्य व्यवहार, घृणा र पूर्वाग्रह त्यागौं,
- सामाजिक सद्भाव, सहिष्णुता र आपसी सम्मान बढाऔं,
- कानुन र नीतिहरूको पालना गर्दै विभेदमुक्त वातावरण बनाऔं,
- नयाँ पुस्तामा समानता र मानवताको मूल्य सिकाऔं ।

**जातजाति, सम्प्रदाय, लिंग, भाषा वा धर्मका आधारमा हुने विभेदको अन्त्य गरौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

# प्रकृतिको पूजा गर्दै उभौली सुरु

■ संगीता राई

**धरान–** प्रत्येक वर्ष वैशाख शुक्ल पूर्णिमासँगै किरात राई समुदायले मनाउने उभौली चाड देशभर भूमेस्थानमा पूजा आराधना गरी सुरु भएको छ । उभौली चाड प्रकृतिपूजक वा अर्को शब्दमा धर्तीपूजकहरू अर्थात् नेपालका किरात समुदायभित्रका विभिन्न जातिहरूले मनाउने प्रसिद्ध चाड हो जसलाई “साकेला चाड” पनि भनिन्छ ।

विशेषगरी बाली लगाउनुअघि गाउँगाउँमा रहेका भूमेस्थानमा राम्रोसँग काम होस् भनी प्रकृतिको पूजा आराधना गरिने परम्परा रहेको छ । मंसिर महिनामा उधौली एक दिन मनाइन्छ भने वैशाख पूर्णिमाका दिनदेखि सुरु भएको उभौली एक महिनासम्म मनाइन्छ । उभौली सुरु भएसँगै अहिले हरेक साकेला थानहरूमा विभिन्न लयका गीतहरू गाउँदै ताल मिलाएर नाच्नेहरूको लस्कर देखिन्छ ।

आधुनिक सहरका रूपमा परिचित धरानमा अरु बेला आधुनिक गीत, हिपहप, रकजस्ता पाश्चात्य संगीतमा रमाउने युवा पुस्ताहरू अहिले उभौली, उधौलीजस्ता सांस्कृतिक चाडपर्वमा पनि उत्तिकै रमाउने गरेका छन् । टोलटोलमा भइरहेका साकेला सिलीमा युवा पुस्ताकै बाक्लो उपस्थिति रहेको देखिन्छ ।

धरान-१६ नवीन बान्तावा भन्छन्, ‘आजदेखि सुरु भएको किरातीहरूको महान चाड उभौली साकेला अब एक महिनासम्म हामी साथीसँगै आफ्नो मौलिक गहना र पहिरनमा सजिएर टोलटोलमा गएर नाच्ने गर्छौं । आफ्नो पुर्खाले मान्दै आउनुभएको चाडपर्व हामीले बिर्सिनु हुन्न, हामी किरातीलाई चिनाउने एउटा मुख्य चाडको रूपमा लिइन्छ, त्यसैले हामीले १०/१५ दिन अगाडिदेखि भाइबहिनीलाई प्रशिक्षण गराई पूर्वको विभिन्न ठाउँहरूमा साकेला नाच्न जाने गरेका छौं ।’

शुक्रबारबाट सुरु भएको उभौलीलाई ॠतु परिवर्तनको संकेत दिने चाडको रूपमा विभिन्न कार्यक्रमहरूको आयोजना गर्दै मनाउने गरिन्छ । वैशाख शुक्ल पूर्णिमादेखि एक महिनासम्म किरातीहरूले मनाउने उभौली वसन्त ॠतुको समयमा पर्ने गर्दछ । किरात समुदायले धुमधामसँग मनाउने उभौली पृथ्वीमा कृषियुग सुरु भएदेखि नै मनाउँदै आइएको बूढापाकाहरूको भनाइ छ र यस चाडको पहिलो दिन साकेला थानको वरिपरि चण्डी नाच नाच्दै प्रकृतिको आराधना गर्ने गरिन्छ ।

पहिलो दिन साकेला थानमा चण्डी नाच नाचिने भएकाले पनि यस पर्वको पहिलो दिनलाई चण्डी पूर्णिमा भनेर पनि चिनिन्छ । धरान-११ का सरस्वती राई भन्छिन्, ‘साकेला किरात जातिको पहिचान हो ।’ साकेला सुरु भएसँगै छुट्टै रमाइलो हुने बान्तावा सिलीका रूपमा विभिन्न गीतहरूको प्रस्तुत गरेर नाच्ने गरिएको उनले सुनाइन् । ‘आफ्नो संस्कृतिलाई बचाइराख्नुपर्छ भन्ने हिसाबले पनि साकेलाको अवसर पारेर विभिन्न साकेला सिलीहरू भाइबहिनीहरूलाई सिकाएर धरानबाहेक पूर्वका विभिन्न ठाउँहरूमा अबको एक महिनासम्म नाच्न जाने गरेका छौँ’, उनले भनिन् ।

दौरा सुरुवाल र टोपीमा सजिएका युवा र गुन्युचोली, लाछा, सिरबन्दी, चेप्टे सुन, पैसाको हारी माला, नौगेडीजस्ता गहनामा सजिएका युवतीहरू हातमा ढोल, झ्याम्टा बोकेर गीतमा लय मिलाउँदै नाच्ने गरिन्छ । छातीमा पेचुरी धजुरी, बाबु, बुन्छत र मुर्चुङ्गा झुन्ड्याएका युवायुवती ढोल झ्याम्टाको तालमा विभिन्न चरा चुरुङ्गी र जीव जनावारको हाउभाउ गर्दै नाचिरहेको हुन्छन् ।

साकेला सांस्कृतिक रूपमा राई जातिले अन्नबाली रोप्ने बेलामा भूमिको पूजा गर्ने क्रममा विकास भएको मानिन्छ । हातमा चम्मर, झ्याम्टा बोकेर वरिपरि गोलो घेरामा बसेर विभिन्न जनावारको अभिनय गर्दै नाच्नुलाई सिली भनिन्छ । हात र खुट्टाको ताल मिलाएर नाचिने सिली पनि राईका जाति र ठाउँपिच्छे फरकफरक हुने गरेको किरात राई यायोक्खा सुनसरीका अध्यक्ष राजेन्द्र राईले बताए ।



साकेला एउटा अद्भूत शक्ति भएको ढुङगाजस्तै हो, कहिले ठूलो हुन्छ कहिले सानो हुन्छ । प्राकृतिक पूजक भएकाले प्रकृतिलाई पूजा गरेर साकेला नाच वैशाख शुक्ला पूर्णिमाबाट सुरु भएको छ । विशेषगरी साकेला हजारौं किसिमको नाच्ने गरिए पनि अहिले मुख्य तीनवटा सिलीमा नाचिन्छ, जसमा आराथानात्मक सिली जस्मा प्रकृतिलाई पुज्ने घाम-पानी हावाहुरी, आकाश जमिनलाई पुज्ने गरिन्छ भने अनुकरण सिलीमा हाम्रा सृष्टि सँगसँगै उत्पत्ति भएका कीरा फट्याङ्गा, चराचुरुङ्गी झिङ्गाहरूको नक्कल गरी नाच्ने गरिन्छ ।

प्रतिक्रियात्मक सिली हामीले दैनिक रूपमा गरिने क्रियाकलापहरू बारी खन्ने, डोको बोक्ने, नमस्कार गर्नेजस्ता यी तीनवटा मुख्य आधारभित्र हजारौं सिली हुन्छन् । यसमा रहेर साकेला नाच्ने गरिएको अध्यक्ष राईको भनाइ छ । किरात समुदायले यस दिनलाई सुम्निमा अर्थात् देवी पार्वतीको सृष्टि भएको दिनका रूपमा पनि मान्ने गरेका छन् । सांस्कृतिक दृष्टिले पनि अत्यन्तै महत्त्वपूर्ण रहेको किरात समुदायभित्रका चाम्लिङ, बान्तावा, सुनुवार, राई, याक्खा, लिम्बूलगायतका जातिहरूले यस उभौली चाडलाई महान चाडका रूपमा मनाउने गरेका छन् ।

उभौली पर्वलाई किरात समुदायका जातिहरूले ठाउँ विशेष र आफ्नो बोल्ने भाषाअनुसार फरकफरक नामले चिन्ने गरिन्छ । लिम्बूहरूले ‘चासोक’ वा ‘यक्वा तङनाम’ राई र चाम्लिङ जातिले ‘साकेला’ सुनुवारहरूले ‘फोलष्यादर’ बान्तावाहरूले ‘साकेन्वा’ दुमी राईहरूले ‘तोसी’ लगायतका नामहरूले उभौली चाडलाई सम्बोधन गर्ने गरेको पाइन्छ ।

बुढापाकाको भनाइअनुसार पूर्वी पहाडी भेगमा उभौली नाच सुरु हुनुभन्दा अगाडि पितृ पुजिन्छ । पितृलाई पूजा गरिसकेपछि कोशी काटेर जानुहुन्न भन्ने मान्यता रहेको धरान बान्तावा सिली लाक्छाम संरक्षण समितिका केन्द्रीय उपाध्यक्ष चिन्तामणि राईले बताए । पहाडी भेगमा मनाइने साकेला र तराई भेगमा मनाईने पितृ पुज्ने धामी अथवा (नाक्छोङ) ले गाउँभन्दा बाहिर गएर गरिखानु हुँदैन भन्ने चलन रहेकाले वर्षमा घरको एक पाठी अन्न दिने चलन छ । तर पछिल्लो समय लोभ हुदै गएको उनको भनाइ छ ।

पहाडी भेगमा रामनवमी सुरु भएसँगै साकेला मनाउन सुरु गरिन्छ । टोलटोल गाउँगाउँमा ढोल झ्याम्टासँगै गाउँमा नाच गरेर हिँड्ने चलन रहेको छ । यो चाडमा किरात राईहरूले पुर्खालाई सम्झेर सिलीमार्फत सम्मान गर्ने गरिन्छ किरात राई समुदायमा पुर्खाहरूको ठूलो स्थान र महत्व छ वर्षमा दुईपटक उधौली र उभौलीमा पितृहरूको पूजा अथवा (माङ) गर्ने चलन छ ।

साकेला किरात राईहरूको पहिचानसँग जोडिएको छ, आफ्नो आस्थाको देवतालाई आफ्नै तरिकाले पुज्ने र पूजालाई महान् चाडको रूपमा लिने चलन किरात समुदायमा छ । यसलाई विशेष अवसर मानेर किरात राई महिला तथा पुरुषहरू मौलिक सांस्कृतिक पहिरनमा सजिएर नाच्ने गरिन्छ । साकेला अथवा उभौली, उधौलीप्रति युवा पुस्ताको चासो बढ्दो देखिन्छ । *रासस*


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०८०/०४/२८ मा दर्ता भएको **प्रा. लि. नं. ३१६८७३** को **तरेवा सेकुवा कर्नर एण्ड बार प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०१/१७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (क) बमोजिम विशेष दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।


## पृष्ठ १ बाट क्रमशः

### बल्खु र वंशीघाटको...

रंगशालामा आफनो विवरण टिपाउन आउनेहरूले त्यहाँ सञ्चालित स्वास्थ्य सहायता एवं उपचार कक्षमार्फत स्वास्थ्य सेवा उपलब्ध गराइरहेको हो । ‘शुक्रबार साँझ बजेसम्म ६८ जनाले सेवा लिनुभएको छ । सम्भव भएसम्म यही उपचार गरेका छौं, थप उपचार आवश्यक भए सरकारी अस्पतालमा सिफारिस गर्दै आएका छौं,’ सचिव डा देवकोटाले भने । उनका अनुसार कीर्तिपुरमा सञ्चालित अर्को शिविरमा आँखा र दाँतसम्बन्धी सेवा लिनहरूको संख्या उल्लेख्य छ ।

दशरथ रंगशालास्थित शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालको नेतृत्वमा बहिरङ्ग (ओपीडी) सेवा सञ्चालन भइरहेको छ । अस्पतालका निर्देशकसहित पाँच जना स्वास्थ्यकर्मीको टोली खटिएका छन् ।

यस्तै, परोपकार प्रसुति तथा स्त्रीरोग अस्पतालबाट एक चिकित्सक र एक नर्स, पाटन मानसिक अस्पतालबाट चिकित्सक र नर्स गरी चार जना तथा कान्ति बाल अस्पतालबाट बालरोग विशेषज्ञसहित नर्स खटिएका छन् ।

पाटन मानसिक अस्पतालका डा वासुदेव कार्कीले मनोसामाजिक परामर्श लिन आउनेलाई परामर्शसँगै आवश्यक औषधि उपलब्ध गराउने काम भइरहेको जानकारी दिइन् । कान्ति बाल अस्पतालका डा जगरनाथ साहले बालबालिकासम्बन्धी स्वास्थ्य समस्याको उपचारका लागि आफूहरूसँगै नर्स टोली परिचालित रहेको जानकारी दिए । स्वास्थ्य मन्त्रालयका अनुसार औषधि तथा आवश्यक स्वास्थ्य सामग्री औषधि व्यवस्थापन महाशाखा र स्वास्थ्य सेवा विभागसँग लोजिस्टिक समन्वय भइरहेको छ । कीर्तिपुर क्षेत्रमा वीर अस्पतालले नेतृत्व लिएर सेवा सञ्चालन गरिरहेको छ ।

#### एक सुकुमबासी मृत फेला

बल्खुस्थित सुकुमबासी बस्तीमा बस्ने एकजना मृत फेला परेका छन् । शुक्रबार दिउँसो करिब ३:३० बजे खोटाङको सरल गाउँपालिका-५ घर भएका ६१ वर्षीय ईन्द्रबहादुर राईको शव नदीमा बग्दै आएको अवस्थामा भेटिएको प्रहरीले जनाएको छ ।

प्रहरीले घटनास्थलको मुचुल्का र शव जाँच मुचुल्कापछि पोस्टमोर्टमका लागि त्रिवि शिक्षण अस्पताल पठाएको छ । मृत्युको कारण खुलिनसकेको प्रहरीले जनायो । राई काठमाडौं महानगरपालिका वडा नम्बर १४ बल्खुस्थित सुकुम्वासी बस्तीमा बस्दै आएका थिए ।

■■■

### सामाजिक...

मन्त्री यादवले भिडियो सन्देशमा ‘श्रमको सम्मान नै देश विकासको आधार हो’ भन्ने मूल मर्मलाई आत्मसात् गर्दै सबै क्षेत्रका श्रमिकका लागि उचित पारिश्रमिक, मर्यादित कामको वातावरण र श्रम अधिकार सुनिश्चित गर्न नेपाल सरकार प्रतिबद्ध रहेको बताए । ‘श्रम कुनै एक पेशा वा वर्गमा सीमित छैन । निर्माण स्थलमा काम गर्ने मजदुरदेखि बिरामीको उपचार गर्ने चिकित्सकसम्म, खेतमा पसिना बगाउने किसानदेखि न्यायका लागि खटिने कानुन व्यवसायीसम्म, घरायसी कार्यमा सहयोग गर्ने घरेलु श्रमिकदेखि प्रविधिको विकास गर्ने इन्जिनियरसम्म ज्ञानको ज्योति फैलाउने शिक्षकसम्म, हामी सबै श्रमिक हौं,’ यादवले भनेका छन् ।

उनले हामी सबै आ-आफ्नो स्थानबाट राष्ट्र निर्माणमा योगदान पुर्‍याइरहेको उल्लेख गर्दै श्रमिक दिवसको विशेष दिनमा सबैले एक-अर्काको योगदानको मूल्य बुझ्दै सम्मान गर्ने र एक-अर्काप्रति कृतज्ञता व्यक्त गर्ने संस्कारलाई अझ सुदृढ बनाउन आवश्यक भएको बताए ।

■■■

### श्रमिक दिवसमा...

लाइभमा जोडिएकाहरूले नेपालमा गरेको करार बमोजिम तलव, बिदा आदि नपाएको, हालैको द्वन्द्वले निम्त्याएका विभिन्न समस्या, आफू कार्यरत मुलुकका कानून, करार अवधि सकिएपछि कम्पनी परिवर्तन गर्न पाइन्छ कि पाइँदैन, छुट्टीको दिनमा दूतावासले पासपोर्ट दिन्छ कि दिँदैन लगायतका प्रश्न साधेका थिए ।

मलेसियास्थित नेपाली दूतावास विगतदेखि नै लाइभमा श्रमिकको गुनासो सुन्दै आएको थियो भने अन्य मुलुकमा शुक्रवारबाट सुरु गरिएको कार्यक्रम नियमित गर्ने भनिएको छ ।


हकप्रद शेयरको निष्काशन तथा बिक्री खुल्ला बारेको सूचना
(दोस्रो पटक प्रकाशित मिति: २०८३/०१/१९)

यस मुक्तिनाथ फर्टिलाइजर एण्ड केमिकल्स लिमिटेडको मिति २०८२/०९/२६ गते सम्पन्न तेश्रो वार्षिक साधारण सभाबाट हकप्रद शेयर निष्काशनको लागि संचालक समितिलाई अख्तियारी दिए बमोजिम, कम्पनीको संस्थापक शेयरधनीहरुलाई हाल कायम चुक्ता पूँजीको १:२३ (एक शेयर बराबर नयाँ तेइस शेयर) निष्काशन गर्ने निर्णय भएकोले प्रति शेयर अंकित मूल्य रु.१००/- दरको २३,००,००० कित्ता हकप्रद साधारण शेयर मिति २०८३/२/०५ गते देखि मिति २०८३/०३/०९ गते सम्मको लागि बिक्री खुला गर्ने सञ्चालक समितिको मिति २०८३/०१/१० गतेको बैठकबाट निर्णय भएको सम्बन्धित शेयरधनीहरुलाई जानकारी गराउँदै सो अवधिभित्र हकप्रद शेयरको दरखास्त दिनुहुन अनुरोध गर्दछौं ।

मुक्तिनाथ फर्टिलाइजर एण्ड केमिकल्स लि.
MUKTINATH FERTILIZER & CHEMICALS LTD.
A Subsidiary Company of Muktinath Krishi Company Ltd.



साउदीमा रोजगार
कम्पनी : RIYADH AL DANA TRADING AND CONTRACTING COMPANY
पूर्व स्वीकृति मिति : २०८२/१०/१९ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/१८ LT. No. 338136 चलानी नं. ६०२५१६९४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Workshop Worker | 12 | 0 | 1000 | ४०,४७८ | श्र. नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र. नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Bus Drivers | 10 | 0 | 1800 | ७२,८६१ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख २६ गते (9th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CENTRAL CAPITAL SERVICES PVT.LTD. श्रम इजाजत नं. ५७४/०६२/०६३
Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com


## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

शनिबार, १९ वैशाख, २०८३

| | |
|---|---|
| मेष | कामामा सफलता मिल्नेछ । नयाँ अवसरले उत्साह बढाउनेछ । |
| वृष | आर्थिक पक्ष सुधार हुने संकेत छ । धैर्यले राम्रो नतिजा दिनेछ । |
| मिथुन | काममा व्यस्तता बढ्नेछ । तर उपलब्धि पनि राम्रो हुनेछ । |
| कर्कट | मित्रसँगको सम्बन्ध मजबुत हुनेछ । नयाँ योजना अघि बढ्नेछ । |
| सिंह | चुनौती आए पनि पार गर्न सकिनेछ । आत्मविश्वास बढ्नेछ । |
| कन्या | यात्राको सम्भावना देखिन्छ । नयाँ अनुभवले फाइदा दिनेछ । |
| तुला | नेतृत्व क्षमताले सफलता दिलाउनेछ । सम्मान प्राप्त हुने दिन छ । |
| वृश्चिक | कुम्भस् सोचेर अघि बढ्नु राम्रो हुनेछ । अनावश्यक खर्चबाट बच्नुहोस् । |
| धनु | मन खुसी रहनेछ । प्रेम र सम्बन्धमा सुधार आउनेछ । |
| मकर | मेहनतको राम्रो फल मिल्नेछ । आर्थिक लाभ हुन सक्छ । |
| कुम्भ | सानो गल्तीले तनाव दिन सक्छ । सोचेर मात्र निर्णय गर्नुहोस् । |
| मीन | परिवारबाट सहयोग मिल्नेछ । मन शान्त र सकारात्मक रहनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** | |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१९ वैशाख, २०८३ (२ मे २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १५०.९७ | १५१.५७ |
| युरो | १ को | १७६.५७ | १७७.२७ |
| पाउन्ड स्टिर्लङ | १ को | २०३.५५ | २०४.३६ |
| स्विस फ्रैन्क | १ को | १९१.१६ | १९१.९२ |
| अस्ट्रेलियन डलर | १ को | १०८.१३ | १०८.५६ |
| क्यानाडियन डलर | १ को | ११०.४६ | ११०.९० |
| सिङगापुर डलर | १ को | ११८.१८ | ११८.६५ |
| जापानी येन | १० को | ९.४५ | ९.४९ |
| चिनियाँ युआन | १ को | २२.०८ | २२.१७ |
| साउदी अरब रियाल | १ को | ४०.२५ | ४०.४१ |
| कतारी रियाल | १ को | ४१.४१ | ४१.५८ |
| थाई भाट | ख १ को | ४.६४ | ४.६६ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४१.१० | ४१.२६ |
| मलेसियन रिङेट | १ को | ३८.२० | ३८.३५ |
| दक्षिण कोरियन वन | १०० को | १०.२३ | १०.२७ |
| स्विडिस क्रोनर | १ को | १६.२८ | १६.३४ |
| डेनिस क्रोनर | १ को | २३.६३ | २३.७२ |
| हङकङ डलर | १ को | १९.२६ | १९.३४ |
| कुवेती दिनार | १ को | ४९२.७२ | ४९४.६८ |
| बहराइन दिनार | १ को | ४००.१९ | ४०१.७८ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्याबीधक विनिमय दर बैंकको वेभसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ ।

# मनाइयो २५७०औं बुद्ध जयन्ती

■ प्रभाव संवाददाता

**काठमाडौं–** शान्तिका अग्रदूतका रूपमा विश्वमा परिचित गौतम बुद्धको २५७०औं जयन्ती शुक्रबार पूजा, आराधना एवं प्रवचन गरी मनाइएको छ । प्रत्येक वर्ष वैशाख शुक्ल पूर्णिमाका दिन बुद्ध जयन्ती मनाइन्छ ।

सिद्धार्थ गौतमले विश्व शान्ति स्थापनाका लागि पुऱ्याएको योगदानको स्मरणस्वरूप यो पर्व मनाउने गरिएको हो । बुद्धको जन्म, ज्ञान प्राप्ति, महापरिनिर्वाण (मुत्यु) वैशाख शुक्ल पूर्णिमाकै तिथिमा परेकाले यस दिन नेपाललगायत विश्वका बौद्ध धर्मावलम्बीले बुद्धप्रति भावपूर्ण श्रद्धा र भक्तिले बुद्धजयन्ती मनाउने गर्दछन् । ‘अहिंसा नै शान्ति र मैत्रीको आधारशिला हो’, यस्ता अनेकौं कालजयी सन्देशका वाहक भगवान् गौतम बुद्धको २५७०औं जयन्ती शान्तिको कामना गर्दै शुक्रबार देशभर मनाइएको हो ।

बौद्ध धर्मावलम्बीले चैत्य, गुम्बा, विहारलगायत स्थलमा लामा एवं बौद्ध धर्मगुरु बसेर परम्परादेखि हुँदै आएको पूजालगायत विधि पूरा गरिन्छ । यस अवसरमा लुम्बिनी, स्वयम्भू, बौद्धलगायत स्थलमा विविध कार्यक्रम आयोजना गरी बुद्ध जयन्ती मनाउने परम्परा छ ।

इसापूर्व ५६३ अर्थात् आजभन्दा २५७० वर्षअघि रूपन्देही जिल्लास्थित लुम्बिनी उद्यानमा पिता राजा शुद्धोधन र माता मायादेवीको गर्भबाट वैशाख शुक्ल पूर्णिमाका दिन सिद्धार्थ गौतमको जन्म भएको थियो ।
















१. ‘बृहद् बौद्धसभा’मा दिप प्रज्ज्वलन गर्दै राष्ट्रपति रामचन्द्र पौडेल । *तस्वीरः रासस*
२. बुद्धजयन्तीका अवसरमा आज काठमाडौंको स्वयम्भूनाथ चैत्यमा पूजा आराधना तथा दर्शन गर्न आएका भक्तजन । *तस्वीरः रासस*
३. बुद्धजयन्तीका अवसरमा शुक्रबार तनहुँको दमौलीमा निकालिएको शान्ति पदयात्रामा सहभागीहरू । *तस्वीरः रासस*
४. मेलम्ची घ्याङ गुठीले २५७० औं बुद्ध जयन्तीका अवसरमा शुक्रबार बौद्धमा आयोजित शान्ति यात्राका क्रममा बुद्ध मूर्ति नगर परिक्रमा गराइँदै । *तस्वीरः रासस*
५. बुद्ध जयन्तीका अवसरमा स्वयम्भूमा आयोजित र्‍याकलीमा सहभागी एक श्रद्धालु । *तस्वीर : सुलभ श्रेष्ठ/सिन्ह्वा*
६. बुद्ध जयन्तीको अवसरमा बौद्ध स्तुपलाई सरसफाई गरी चिटिक्क बनाउँदै स्थानीय । *तस्वीर : सुलभ श्रेष्ठ/सिन्ह्वा*
७. बुद्ध जयन्तीको अवसरमा बुद्ध मुर्तिलाई सवारीमा राखेर घुमाउँदै भक्तजन । *तस्वीरः प्रकाश माथेमा/एएफपी*

## वैशाख शुक्ल पूर्णिमा अद्वितीय क्षणको प्रतीक : *राष्ट्रपति पौडेल*

**काठमाडौं, (प्रस)-** राष्ट्रपति रामचन्द्र पौडेलले वर्तमान परिवर्तित राजनीतिक परिवेशमा पनि राष्ट्रिय एकता, सहिष्णुता र समावेशी विकासलाई सुदृढ बनाउन बुद्धका पञ्चशील, चार आर्य सत्य सिद्धान्त मार्गदर्शक बन्न सक्ने बताएका छन् ।

२५७०औं बुद्ध जयन्तीका अवसरमा आयोजित ‘बृहद् बौद्धसभा’लाई सम्बोधन गर्दै राष्ट्रपति पौडेलले आजको विश्व अनेकन चुनौती, द्वन्द्व, असहिष्णुता, जलवायु संकट र मानवीय मूल्यको क्षयबाट गुज्रिरहेको सन्दर्भमा बुद्धका उपदेशहरू अझ सान्दर्भिक बन्दै गएको स्पष्ट पारे । पौडेलले बुद्धका अहिंसा, मैत्री, करुणा र प्रज्ञाका सन्देशलाई व्यवहारमा रूपान्तरण गर्न सकेमा मात्र दिगो शान्ति र समृद्धिको आधार निर्माण गर्न सकिने बताए । बुद्धका मार्गदर्शनले व्यक्ति, समाज र राष्ट्रमात्र नभई समग्र विश्वलाई नै सकारात्मक बाटोतर्फ डोर्‍याउने विश्वास व्यक्त गरे ।

राष्ट्रपति पौडेलले शान्ति, सहअस्तित्व, मध्यम मार्ग र करुणामा आधारित बुद्धको दर्शनले विश्व समुदायलाई स्थायित्व, सहकार्य र आपसी विश्वासको मार्गतर्फ अग्रसर गराउन महत्त्वपूर्ण योगदान दिन सक्ने सबैको विश्वास रहेको बताए । उनले बुद्धको जन्मभूमि नेपाल हुनु हामी सबैका लागि गौरवमात्र होइन, जिम्मेवारीको विषय पनि भएको भन्दै विविधता र बहुलताको समुचित व्यवस्थापन गर्दै शान्तिपूर्ण सहअस्तित्व कायम गर्नु आजको नेपालको आवश्यकता भएको बताए । राष्ट्रपति पौडेलले भने, ‘वैशाख शुक्ल पूर्णिमाका पावन दिनमा बुद्धको जन्म, सम्यक् सम्बोधि (ज्ञान प्राप्ति) तथा महापरिनिर्वाणजस्ता त्रिसंयोग रहेको यो दिवस एक अद्वितीय क्षणको प्रतीक हो ।’

# परम्परागत सीप र हस्तकला आम्दानीको मुख्य स्रोत

**डुम्रे (तनहुँ)–** हाम्रो समाजमा प्रविधिको विकाससँगै परम्परागत पुर्ख्यौली सीप छाडेर वैकल्पिक रोजगारीको खोजीमा युवा भौतारिने गरेका छन् । उनीहरू प्रविधिको विकाससँगै आफूमा भएको सीपको उपयोग छाडेर रोजगारीका निम्ति विदेश जान आतुर हुन्छन् । तर, तनहुँका भुजेल समुदायले परम्परागत पुर्ख्यौली सीपलाई आज पनि जीविकोपार्जनको आधार बनाइरहेका छन् ।

भुजेल समुदायका युवादेखि ज्येष्ठ नागरिकले पुर्ख्यौली सीपका रूपमा बाँसका हस्तकलालाई आयका रूपमा उपयोग गर्दै आएका छन् । यी समुदायका प्रत्येक व्यक्ति सीपयुक्त छन् । बाँसका हस्तकला निर्माण गरी बिक्री गर्दै आफ्नो आम्दानी गरी जीविका चलाउँदै आएको आँबुखैरेनी गाउँपालिका-२ एक्लेफाँटकी सावित्री भुजेल बताउँछिन् ।

‘हाम्रो समुदायका बालबालिकादेखि नै पुर्ख्यौली सीप सिकेका हुन्छौं । सिक्नुपर्छ भनेर बालबालिका तथा युवालाई प्रोत्साहन गर्दै पनि आएका छौं,’ उनी भन्छिन्, ‘पुस्ता हस्तान्तरण गर्न थालेका छौं ।’ हाम्रो समुदायका पुरुष वैदेशिक रोजगारी तथा अन्य पेसामा समावेश भए पनि महिला भने पुर्ख्यौली सीपबाट आत्मनिर्भर बनेका उनको भनाइ छ ।

‘महिलाको कमाइले घरपरिवार चलाउन सहज भएको छ, पुरुषको कमाइ केही भए पनि बचत गर्न सकिएको छ । यसबाट संकटका बेला सघाउ पुग्छ,’ उनले भनिन् । पहिलाको जस्तो माग नभए पनि हालसम्म आम्दानीको मुख्य स्रोत हाम्रो हस्तकला नै भएको सावित्री बताउँछिन् ।

अन्य पेसामा आबद्ध भएका भुजेल समुदायका व्यक्ति पनि हस्तकला निर्माणको सीपमा भने पोख्त हुने गरेका छन् । उनीहरूले निर्माण गरेको नाङ्लो, थुम्से, डोको, कुच्चो, डालो, नाम्लोलगायतका बाँसका सामग्री बिक्री गरेर आम्दानी गर्दै आएका छन् । यसबाट घरपरिवारको आवश्यकता पूरा गर्न सहयोग पुगेको छ । आँबुखैरेनी-१ एक्लेफाँटका इन्द्र भुजेल सानैमा सिकेको सीपले अहिलेसम्म आम्दानी गरिरहेको बताउँछन् । ‘हामीले बनाएका सामानको पहिला खासै मूल्य हुँदैनथ्यो । अहिले उचित मूल्य पाएका छौं,’ उनी भन्छन्, ‘आम्दानीबाट घर चलाउन सजिलो भएको छ ।’ सामान बिक्री गर्न पहिला जस्तो दुःख गर्नु नपरेको इन्द्र बताउँछन् ।

‘पहिला सामान बोकेर बेच्न पुग्थ्यौं, अहिले गाडी गाउँमै लिन आइपुग्छ । त्यसैले हस्तकलाका सामान उत्पादन गर्न उत्साहित छौं,’ उनले भने । सरकारले सीपको संरक्षण तथा प्रवर्द्धनमा सहयोग पुऱ्याए देशकै आम्दानीमा टेवा पुग्ने उनको भनाइ छ । सकेसम्म मागअनुसारको सामान बनाउने कोसिस गरिहेको इन्द्रले बताए । अधिकांश कच्चापदार्थ दमौलीबाट ल्याउने गरिएको उनी बताउँछन् । उचित नीति, प्रवर्द्धन र बजार व्यवस्थापन भएमा यस पेसाले ग्रामीण अर्थतन्त्रलाई अझ सुदृढ बनाउने अपेक्षा गरिएको छ । *रासस*


**Local Government**

**Indrawati Rural Municipality**

**Office of Rural Municipal Executive**

**Nawalpur, Sindhupalchok**

**Bagmati Province, Nepal**

## Intention to Award

**Publish Date:- 2083/01/19**

1. Pursuant to sub clause 27.2 & 27.3 of Public Procurement Act 2063, this is notifying to all Bidders who submitted their bids for mentioned character as per the IFB Notice Published on National Daily Newspaper that the following mentioned bidders are lowest evaluated substantial responsive bidder is intended to award the contract.

| S. N. | Contract No. | Name of Work | Name and Address of bidders | Bid Price NRS. (including VAT & PS) |
|---|---|---|---|---|
| 1 | IRMSI/W/SQ/ 082/083-14 | Supplying and Fixing of Solar Street Light at Indrawati 7, 9 & 11, Sindhupalchok | M/S Karmada Trade and Suppliers, Baniyatar kathamandu | 10,69,946.15 |
| 2 | IRMSI/GOODS/ SQ/082/083-15 | Supplying and Installation of Open GYM Equipments at Indrawati 4 & 10, Sindhupalchok | M/S Sangam Suppliers Hetauda -8, Makawanpur | 7,23,200.00 |

**Chief Administrative Officer**




# सात वर्षीय बालक तेगबीरले राखे कीर्तिमान

✍ जमुना वर्षा शर्मा

**पोखरा–** 'हिमालले उमेर सोध्दैन, केवल साहस र दृढ इच्छाशक्ति खोज्छ' यही उक्तिलाई सात वर्षीय भारतीय बालक तेगबीर सिंहले चरितार्थ गरिदिएका छन् । विश्वकै चुनौतीपूर्ण र सुन्दर पदमार्गमध्येको एक मानिने अन्नपूर्ण सर्किटअन्तर्गत पाँच हजार ४१६ मिटर उचाइको थोरङ्लापास सफलतापूर्वक पार गर्दै उनले विश्वकै सबैभन्दा कान्छो पदयात्रीको कीर्तिमान कायम राखेका हुन् ।

भारतको पञ्जाबस्थित रोपडका तेगबीरले सात वर्ष छ महिनाको उमेरमा यो ऐतिहासिक उपलब्धि हासिल गरे । यसअघि यो कीर्तिमान दुबईका इभान क्रुस्कोभका नाममा थियो, जसले सात वर्ष १० महिनाको उमेरमा यो उचाइ पार गरेका थिए । आफ्नो बुबाका साथ अप्रिल ११ मा सुरु भएको तेगबीरको यात्रा अप्रिल १८ को बिहान ९:२५ बजे थोरङ्ला पासको चुचुरोमा पुगेर टुंगियो । करिब २३० किलोमिटर लामो यो पदयात्रा सहज थिएन । माइनस १३ डिग्री सेल्सियससम्मको कठ्यांग्रिदो चिसो, अपर्याप्त अक्सिजन र चुनौतीपूर्ण भौगोलिक अवस्थालाई उनको इच्छाशक्ति र साहसले सजिलै छिचोल्न सफल भयो ।

यति सानो उमेरका तेगबीरलाई न त हाइअल्टिच्युड (लेक लाग्ने) समस्या भयो, न त उनी कतै थाके । पदयात्रा सकेर पोखरा फर्किएका उनी लेकसाइडको एक होटलमा भेटिँदा निकै प्रफुल्ल मुद्रामा देखिए । टेबुलमा बसेर कागजको जहाज बनाउँदै खेलिरहेका उनी आफ्नो उचाइप्रतिको मोहलाई निर्दोष ढंगले व्यक्त गरिरहेका थिए । 'मलाई नेपालमा यात्रा गर्दा निकै रमाइलो लाग्यो, मलाई हिमाल पहाड निकै मन पर्छ,' उनले उत्साहित हुँदै भने, 'मलाई यहाँको दालभात र गार्लिक सुप धेरै मनपर्‍यो ।' यो यात्राले मेरो आत्मविश्वास अझ बढाएको छ, तेगबीरले आफ्नो अनुभव सुनाए ।

पदयात्राका 'ट्रेकिङ गाइड' दलबहादुर गुरुङ (दुले) ले यात्राका क्रममा बालक तेगबीरको जिज्ञासु स्वभाव र थकान महसुस नगरी निरन्तर हिँडिरहने क्षमताको खुलेर प्रशंसा गरे । 'मेरो दशक लामो ट्रेकिङ अनुभवमा तेगबीरजस्तो सानो उमेरको बालकलाई पहिलोपटक गाइड गर्दै थिएँ । सुरुमा यति सानो बालक कसरी हिँड्ला भन्ने लागेको थियो तर यात्रा सुरु भएपछि ऊ निकै साहसी, जिज्ञासु र रमाइलो स्वभावको देखियो,' गुरुङले भने ।

उनका अनुसार यात्राभर तेगबीरले देखेको प्रत्येक पहाड र हिमालतर्फ औंल्याउँदै त्यहाँ पुग्न कति दिन

> कक्षा ३ मा अध्ययनरत तेगबीरको हिमाल पदयात्रामा देखाएको उत्साह र क्षमता हेर्दा भविष्यमा अझ ठूला साहसिक यात्रातर्फ अघि बढ्ने बुबा बताउँछन् । नेपालमा नेपाल सरकारले १६ वर्षमुनिका बालबालिकालाई पर्वतारोहण अनुमति नदिने व्यवस्था भएका कारण उसले १६ वर्ष नपुग्दासम्म सगरमाथाजस्ता हिमालमात्र होइन, कुनै पनि शिखर आरोहण गर्नबाट उनी वञ्चित हुने भन्दै अरु देशमा विकल्प खोज्न बाध्य बनाएको बताए ।

लाग्छ ? त्यो ठाउँ कस्तो छ ? भनेर जिज्ञासा राख्ने गर्दथे । थकाइ लाग्यो कि भनेर सोध्दा ऊर्जाका साथ लागेको छैन भन्दै जवाफ दिन्थे । गुरुङले उनमा देखिएको उत्साह, सहनशीलता, प्रकृतिप्रतिको प्रेम र अनुशासन आफूलाई अत्यन्त मन परेको बताए ।

यात्रामा सँगै रहेका भरिया यम गुरुङले पनि तेगबीरको चञ्चल स्वभाव, प्रकृतिप्रेम र निरन्तर हिँड्न सक्ने क्षमताको प्रशंसा गर्दै भने, 'उसको ऊर्जा र सकारात्मक सोचले यात्रालाई अझ सहज र रमाइलो बनायो । हामीलाई सात वर्षको बालकसँग यात्रा गरेका छौं भन्ने आभास उसले दिएनन्, कत्ति थाकेनन्, रमाइलो कुराकानी गर्दै अघि बढ्यौं ।' उनका बुबा सुखिन्दरदिप सिंहका अनुसार छोराको यो सफलताको पछाडि कडा अनुशासन, नियमित शारीरिक व्यायाम र सन्तुलित आहारको ठूलो भूमिका छ । सुखिन्दर दिप हाल मेडिकल एडमिनिस्ट्रेटिभ क्षेत्रमा कार्यरत छन् भने आमा स्त्री तथा प्रसूति रोग विशेषज्ञ रहेकी छन् ।

तेगबीरको यो पहिलो साहसिक यात्रा भने होइन । यसअघि नै उनले अफ्रिकाको माउन्ट किलिमञ्जारो र युरोपको माउन्ट एल्ब्रसको सफल आरोहण गरिसकेका छन् । सानै उमेरदेखि विश्वका चर्चित हिमाली गन्तव्यहरूमा उल्लेखनीय उपलब्धि हासिल गर्दै आएका उनले सन् २०२४ मा पाँच वर्षको उमेरमा उनले करिब १० दिनको ट्रेक पूरा गर्दै पाँच हजार ३६४ मिटर उचाइमा रहेको 'एभरेस्ट बेस क्याम्प' पुगेका थिए ।

सोही वर्ष उनले अफ्रिकाको सबैभन्दा अग्लो शिखर 'माउन्ट किलिमञ्जारो' पनि आरोहण गर्दै एसियाकै कान्छो आरोहीमध्ये एक बन्न सफल भए । त्यसपछि छ वर्ष सात महिनाको उमेरमा उनले युरोपको 'माउन्ट एल्ब्रस' चढे भने सात वर्ष छ महिनामा नेपालकै चर्चित अन्नपूर्ण राउण्डअन्तर्गत पर्ने पाँच हजार ४१६ मिटर उचाइको थोरङ्लापास पार गर्दै संसारकै सबैभन्दा कान्छोमध्ये एकको कीर्तिमान कायम गरे ।

सन् २०१८ सेप्टेम्बर २४ मा जन्मिएका तेगबीरले सानो उमेरमै अन्तर्राष्ट्रियस्तरको उदीयमान पर्वतारोही, पदयात्रीका रूपमा स्थापित गर्न सफल भए । 'हामीले उसलाई कहिल्यै रेकर्डका लागि दबाब दिएनौं,' पिता सिंह भन्छन्, 'केही कुरा रेकर्डभन्दा पहिला आफ्नो रुचि र आत्मविश्वाससँग जोडिन्छ । उसले आफ्नो रुचिलाई साहस र सफलतामा बदल्यो, यसैमा हामी खुसी छौं । आत्मविश्वास भए असम्भव भन्ने केही रहेन छ भन्ने पुष्टि तेगबीरले गरेको छ ।'

नेपालको प्राकृतिक सुन्दरता र यहाँको आतिथ्यताले पनि निकै प्रभावित पारेको उनको भनाइ छ । 'नेपाल थोरै खर्चमा अद्भूत आनन्द लिन सकिने ठाउँ रहेछ,' तेगबीरका बुबाले अनुभव सुनाए, 'समुद्र सतहदेखि विश्वको अग्लो हिमालसम्मको दृश्यलाई छोटो समयमै कैद गर्न सकिने सुन्दरता विश्वमा सायदै पाइन्छ ।' उनले यात्राका क्रममा नेपालीको सहयोगी भावनाको पनि खुलेर प्रशंसा गरे, 'मेरो छोराले निकै ढिलो खाना खान्छ तर होटलका मानिसहरूले पटक-पटक खाना तताएर मुस्कुराउँदै ल्याएर दिन्थे । हामीले तिरेको पैसाभन्दा उनीहरूको सेवा र व्यवहार धेरै माथि पायौं ।'

कक्षा ३ मा अध्ययनरत तेगबीरको हिमाल पदयात्रामा देखाएको उत्साह र क्षमता हेर्दा भविष्यमा अझ ठूला साहसिक यात्रातर्फ अघि बढ्ने बुबा बताउँछन् । नेपालमा नेपाल सरकारले १६ वर्षमुनिका बालबालिकालाई पर्वतारोहण अनुमति नदिने व्यवस्था भएका कारण उसले १६ वर्ष नपुग्दासम्म सगरमाथाजस्ता हिमालमात्र होइन, कुनै पनि शिखर आरोहण गर्नबाट उनी वञ्चित हुने भन्दै अरू देशमा विकल्प खोज्न बाध्य बनाएको बताए ।

क्रमशः पृष्ठ ५ मा

> विश्वकै चुनौतीपूर्ण र सुन्दर पदमार्गमध्येको एक मानिने अन्नपूर्ण सर्किटअन्तर्गत पाँच हजार ४१६ मिटर उचाइको थोरङ्लापास सफलतापूर्वक पार गर्दै उनले विश्वकै सबैभन्दा कान्छो पदयात्रीको कीर्तिमान कायम राखेका हुन् । भारतको पञ्जाबस्थित रोपडका तेगबीरले सात वर्ष छ महिनाको उमेरमा यो ऐतिहासिक उपलब्धि हासिल गरे ।

# कार्ययोजना अभावमा वन संरक्षण क्षेत्र अलपत्र

✍ इन्द्राकुमारी केसी

**घोडाघोडी (कैलाली)–** मुलुकमा संघीय संरचना लागू भएपछि वन व्यवस्थापनलाई अझ व्यवस्थित, उत्तरदायी र प्रभावकारी बनाउने उद्देश्यले संघ र प्रदेश दुवै तहबाट कानुनी तथा नीतिगत व्यवस्था गरिए पनि कार्यान्वयनमा भने संरक्षण क्षेत्र अपेक्षितरूपमा सक्रिय र परिणाममुखी हुन सकेका छैनन् । सुदूरपश्चिम प्रदेशको कैलालीस्थित वसन्ता वन संरक्षण क्षेत्र र कञ्चनपुरको लालझाडी-मोहना वन संरक्षण क्षेत्रलाई यस अवस्थाको प्रतिनिधि उदाहरणका रूपमा लिन सकिन्छ ।


२०६८ फागुन १५ गते औपचारिकरूपमा वन संरक्षण क्षेत्र घोषणा गरिएको यी दुवै क्षेत्रले करिब ९८ हजार ६४३ हेक्टर क्षेत्रफल ओगटेको छ । यी क्षेत्रहरू नेपाल-भारत सीमावर्ती भूभागमा अवस्थित भई वन्यजन्तुको आवागमनका लागि महत्त्वपूर्ण जैविक मार्गका रूपमा परिचित छन् । वसन्ता वनले तराई र चुरे क्षेत्रबीचको पारिस्थितिकीय सम्बन्ध कायम राख्नुका साथै भारतस्थित दुधवा नेसनल पार्कसँगको अन्तरसम्बन्धलाई समेत जीवन्त बनाएसँगै दुर्लभ तथा संकटापन्न वन्यजन्तुको आवागमन र वासस्थान संरक्षणमा महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ ।

प्रदेश सरकारले डडेलधुराको महाभारत क्षेत्र, बैतडीको ग्वालेक केदार र सिँगास, अछामको रामारोशन तथा डोटीको तेले लेक गरी थप पाँच वटा क्षेत्रलाई प्रस्तावित वन संरक्षण क्षेत्रका रूपमा अघि सारेको छ । यी प्रस्तावित क्षेत्रहरूको कूल क्षेत्रफल करिब ८३ हजार ५६१ हेक्टर रहेको छ, जसले प्रदेशको जैविक विविधता संरक्षण र पर्या-पर्यटन प्रवर्द्धनमा दीर्घकालीन योगदान

> राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दृष्टिकोणबाट वातावरणीय, पारिस्थितिकीय, वैज्ञानिक वा सांस्कृतिकरूपमा महत्त्वपूर्ण मानिएका, विशेषगरी जलाधार संरक्षणका हिसाबले संवेदनशील देखिएका क्षेत्रहरु जसमा संरक्षित क्षेत्रबाहिर रहेका वन, वनस्पति तथा वन्यजन्तुको संरक्षण र व्यवस्थापन आवश्यक ठानिएको छ । यसले संरक्षण र विकासबीच सन्तुलन कायम गर्दै स्थानीय समुदायको सहभागितामूलक व्यवस्थापनलाई समेत प्रोत्साहन गर्ने उद्देश्य राखेको छ ।

पुऱ्याउने अपेक्षा गरिएको छ ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दृष्टिकोणबाट वातावरणीय, पारिस्थितिकीय, वैज्ञानिक वा सांस्कृतिकरूपमा महत्त्वपूर्ण मानिएका, विशेषगरी जलाधार संरक्षणका हिसाबले संवेदनशील देखिएका क्षेत्रहरू जसमा संरक्षित क्षेत्रबाहिर रहेका वन, वनस्पति तथा वन्यजन्तुको संरक्षण र व्यवस्थापन आवश्यक ठानिएको छ । यसले संरक्षण र विकासबीच सन्तुलन कायम गर्दै स्थानीय समुदायको सहभागितामूलक व्यवस्थापनलाई समेत प्रोत्साहन गर्ने उद्देश्य राखेको छ ।




यस्ता महत्त्वपूर्ण क्षेत्रहरू घोषणा गरिएको १५ वर्ष बितिसक्दा पनि व्यवस्थापनका आधारभूत उपकरण मानिने कार्ययोजना समयमै अद्यावधिक हुन सकेका छैनन् । नियमअनुसार प्रत्येक पाँच वर्षमा नवीकरण गर्नुपर्ने कार्ययोजना २०७३ सालमै नवीकरण भइसक्नुपर्ने भए पनि हालसम्म त्यसको प्रक्रिया पूरा हुन सकेको छैन । कार्ययोजना अभावले संरक्षण गतिविधि, बजेट व्यवस्थापन, समुदायको संलग्नता तथा दीर्घकालीन रणनीतिक कार्यान्वयनमा प्रत्यक्ष असर परेको देखिन्छ । यसले वन संरक्षण क्षेत्रको प्रभावकारिता घटाउँदै लैजानुका साथै सम्बन्धित निकायबीचको समन्वय र उत्तरदायित्वबारेसमेत प्रश्न उठाएको छ ।

देशको करिब ४६ प्रतिशतभन्दा बढी भू-भाग वनले ढाकिएको अवस्थामा यसको संरक्षण, समुचित उपयोग र दिगो व्यवस्थापन राष्ट्रिय प्राथमिकताको विषय बनेको छ । वन ऐन २०७६ मा विभिन्न खालका वन व्यवस्थापन पद्धतिहरूमध्ये वन संरक्षण क्षेत्र एक महत्त्वपूर्ण संरचनात्मक उपायका रूपमा रहेको छ । नेपालको वन क्षेत्र जैविक विविधता संरक्षण, वातावरणीय सन्तुलन कायम राख्ने तथा स्थानीय समुदायको जीविकोपार्जन सुनिश्चित गर्ने दृष्टिले अत्यन्त महत्त्वपूर्ण आधारका रूपमा रहेको छ ।

## कानुन छन्, तर कार्यान्वयनमा अन्योल

संघीय र सुदूरपश्चिम प्रदेशको वन ऐन तथा नियमावलीमा वन संरक्षण क्षेत्र व्यवस्थापनका लागि दोहोरो जिम्मेवारीसहितको छुट्टाछुट्टै विवादित प्रावधानहरू रहेका छन् । संघीय वन नियमावली, २०७९ अनुसार वन तथा भू-संरक्षण विभागले वन संरक्षण क्षेत्रको कार्ययोजना तयार गरी वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत गराई त्यस्तो कार्ययोजना डिभिजनल वन अधिकृतले कार्यान्वयन गर्ने व्यवस्था गरिएको छ तर सुदूरपश्चिम प्रदेश वन ऐन, २०७७ ले भने फरक प्रक्रिया तोकेको छ ।

उक्त नियमावलीअनुसार डिभिजन वन कार्यालयले कार्ययोजना तयार गर्ने, त्यसलाई वन निर्देशनालयको सिफारिसमा प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले स्वीकृत गरी डिभिजनल वन अधिकृतले कार्यान्वयन गर्ने व्यवस्था रहेको छ । एउटै विषयमा संघीय र प्रदेश कानुनमा फरक-फरक व्यवस्था हुँदा कार्ययोजना निर्माण र स्वीकृतिमा अन्योलता उत्पन्न भएको डिभिजन वन कार्यालय पहलमानपुरका डिभिजनल वन अधिकृत जनक पाध्या बताउँछन् ।

क्रमशः पृष्ठ ५ मा

# पर्यटकहरूको आकर्षणको केन्द्र बन्दै पर्सा राष्ट्रिय निकुञ्ज

■ राजु विश्वकर्मा

बागमतीद्द नेपालमा पाइने रैथाने हात्तीको प्रमुख वासस्थान मानिएको पर्सा राष्ट्रिय निकुञ्जमा घुम्न आउने आन्तरिक तथा बाह्य पर्यटकको संख्या बढ्दै गएको छ ।

प्राकृतिक सुन्दरतासँगै वन्यजन्तुको गर्न सकिने जैविक विविधताको धनि मानिएको सो निकुञ्जमा आन्तरिकसँगै छिमेकी मुलुक भारतका पर्यटकहरू आउने क्रम बढेको हो ।

पर्यटकीय सम्भावना र पूर्वाधारको विकासलाई आधार बनाएर सरकारले यसलाई गत २०७४ सालमा नेपालको १२ औं निकुञ्जको रूपमा घोषणा गरिएको थियो । पर्सासहित बारा र मकवानपुर जिल्लासँग जोडिएको सो निकुञ्ज स्वदेशी तथा विदेशी पर्यटकको लागि खुला गरिएको छ । 'विगतकोभन्दा अहिले निकुञ्जमा आन्तरिक तथा छिमेकी मुलुक भारतका पर्यटकहरू क्रम बढेको छ,' निकुञ्जका सूचना अधिकारी सन्तोषकुमार भगतले भने, 'बाह्यभन्दा आन्तरिक पर्यटक धेरै आउने गरेका छन् ।'

उनका अनुसार चालु आर्थिक वर्ष २०८२/८३ को नौ महिनाको अवधिमा ४१३ जना पर्यटक आएका छन् । निकुञ्ज घुम्न आउने पर्यटकहरूमा सार्क मुलुकका १४ जना र सार्क बाहिरका एक जना विदेशी पर्यटक रहेको सूचना अधिकारी भगतले बताए । 'सरदर वार्षिक एक हजारको संख्यामा आन्तरिक तथा बाह्य पर्यटकहरू घुम्न आउने गरेका छन्,' सूचना अधिकारी भगतले भने, 'खासगरी कात्तिकदेखि चैत महिनासम्म बढी पर्यटक आउँछन्, वर्षा मौसम सुरु भएपछि बन्द हुन्छ । वैशाखदेखि असोज महिनासम्म पर्यटक खासै आउँदैनन् ।'

निकुञ्जभित्र ऐतिहासिक तथा प्राचीन माया मन्दिर, दुग्धेश्वर महादेव मन्दिरजस्ता धार्मिकस्थल छन् भने कामिनी दह, हलखोरिया दह र लौकी दहजस्ता प्राकृतिक तथा मनोरम दहहरू पर्यटकको प्रमुख आकर्षणको केन्द्र बनेको हो । 'निकुञ्जभित्रको हरियाली मनोरम दृश्य र वन्यजन्तुहरूले पर्यटकलाई लोभ्याइरहेको छ,' स्थानीय सुभाष बुढाथोकीले भने, 'यहाँ आउने पर्यटकहरू निकुञ्जभित्र घुम्ने र हात्ती सफारी गर्ने गर्छन् ।'

पानीको मुख्य समस्या देखिएको निकुञ्जभित्र पानीको सहजका लागि ठाउँठाउँमा कृत्रिम पोखरी निर्माण गरेसँगै ती पोखरीहरूमा ट्याांकरबाट पानी हालेपछि पाटेबाघसहितका वनजन्तुहरूको संख्यासमेत वृद्धि भएको छ । निकुञ्जको पछिल्लो गणनाअनुसार निकुञ्जमा पाटेबाघको संख्या ४१ पुगेको छ ।

निकुञ्जले प्राकृतिकरूपमा कृत्रिम पोखरी निर्माण गरेपछि निकुञ्जमा वन्यजन्तुको संख्या बढ्दै गएको निकुञ्जका प्रमुख रामचन्द्र खतिवडाले बताए । कूल ६२७.३९ वर्गकिलोमिटर क्षेत्रफमा फैलिएको सो निकुञ्जभित्र दुर्लभ पाटेबाघ, भालु, गैंडा, हात्ती, चित्तल, जरायो, चितुवा, जंगली कुकुर, नीलगाई र गौरीगाईजस्ता ३७ प्रजातिका स्तनधारी जनावर, ४९० प्रजातिका चराचुरुंगी, १३ प्रजातिका सरीसृप र ३१ प्रजातिका पुतलीहरूको वासस्थान छ ।

निकुञ्ज घुम्न आउने पर्यटकहरूको अवलोकन र घुमफिरका लागि निकुञ्जको जंगलभित्र एक दर्जन 'भ्यु टावर' समेत बनाइएको छ । यसैगरी पर्यटकलाई जंगल सफारी गर्न निकुञ्जको हात्तीसारमा एक दर्जन हात्ती राखिएका छन् । निकुञ्जभित्र 'फायर-लाइन' पनि भएकाले हात्तीको जंगल सफारी गर्न नचाहने पर्यटकले आफ्नो निजी सवारीमा जंगल सफारी गर्नसक्ने व्यवस्थासमेत मिलाइएको प्रमुख खतिवडाको भनाइ छ ।

निकुञ्जभित्र आउने नेपाली पर्यटकका लागि १०० रूपैयाँ, सार्क मुलुकभित्रका पर्यटकका लागि ७५० रूपैयाँ र विदेशी पर्यटकका लागि एक हजार ५०० रूपैयाँ प्रवेश शुल्क निर्धारण गरिएको छ । यस्तै जिप सफारीका लागि दुई हजार ५०० रूपैयाँ र गाइडका लागि वार्षिक एक हजार ५०० रूपैयाँ शुल्क तोकिएको प्रमुख खतिवडाले बताए । निकुञ्जलाई मधेस प्रदेशकै पर्यटकीय गन्तव्य बनाउन निकुञ्ज कार्यालयले आवश्यक भौतिक पूर्वाधारको निर्माणसँगै प्रचारप्रसारलाई समेत प्राथमिकतामा राखेको जनाएको छ । *रासस*

# उखुको जुस बेच्दै आत्मनिर्भर बन्दै युवा

■ गोपालप्रसाद बराल



**महोत्तरी–** मधेस क्षेत्रमा दिनप्रतिदिन बढ्दो गर्मीसँगै उखुको जुस (रस) को व्यापार फस्टाएको छ । महोत्तरीका चोकबजार क्षेत्रमा विशेषगरी विदेशबाट फर्किएका युवाले यो व्यवसाय गरी स्वदेशमै आत्मनिर्भर बन्न थालेका छन् ।

यो व्यवसाय गरेर आत्मनिर्भर बन्नेहरूमध्ये छन्, मलेसिया र साउदी अरब गरेर चार वर्ष बिताएर स्वदेश फर्किएका सर्लाही ईश्वरपुर-१ का महम्मद अफजल । उनी हाल महोत्तरीको बर्दिबास चोकमा उखु पेलेर जुस बेच्ने गर्छन् ।

अफजल भन्छन्, 'चार वर्ष विदेशमा गएर पसिना बगाइयो । अबचाहिँ ढुक्कले यहीँ काम गर्ने निधो गरेको छु । पछिल्ला तीन वर्षदेखि रिक्सा चलाउँदै जुस बेच्दै यसैबाट परिवारमा शिक्षादीक्षा र लालनपालन सहज बनेको छ ।'

उनको परिवारमा चार छोरी, पत्नी गरी छ जना छन् । परिवारको भविष्यका लागि विदेसिन बाध्य अफजलले त्यहाँ गएर पनि सोचेजस्तो भएन । त्यसैले स्वदेशमै फर्किएर काम गर्न थालेको उनको भनाइ छ । 'विदेश जाँदा लागेको ऋणले थिचिएको थिएँ, अहिले यहीको कमाइले सबै तिरिसकेँ,' उनी भन्छन्, 'राम्रो सीप भएका दक्ष व्यक्तिलाई उता राम्रो होला, तर हामीजस्ता श्रम गरेर बाँच्नेलाई आफ्नै देशमा कुनै व्यवसाय गर्नु नै उपयुक्त हुने रहेछ । आफ्नै देशमा रोजाइको काम गर्दा कसैको हेपाइ पनि सहनु पर्दैन ।'

धनुषाको मिथिला-१ का जगदीश साह पनि उखुको जुसको व्यापारबाट सन्तुष्ट छन् । 'अब विदेश जाने सोच नै छैन, धेरै दुःख भोगियो,' उनी भन्छन्, 'दुई वर्षदेखि यो काम गर्न थालेपछि सानो-ठूलो खर्चका लागि कसैसँग हात थाप्नुपरेको छैन । परिवारसँगै बसेर काम गर्न पाउँदा विदेशको पीडा बिस्तारै बिर्सिंदै गएको छु ।'

मध्य वैशाखसँगै यहाँ गर्मी पनि बढ्दै छ । गर्मीसँगै यहाँ जुसको व्यापार पनि फस्टाउँदै छ । बर्दिबास चोकमै जुस बेचिरहेका गौशाला-५ का मोहम्मद नासिरका अनुसार दिनभरि जुस बेच्दा तीन हजार रूपैयाँभन्दा बढीको व्यापार हुन्छ, जसबाट करिब दुई हजार रूपैयाँ बचत हुने गरेको छ ।

उखुको जुसको व्यापार वर्षभरि चल्ने भए पनि गर्मीयाममा यसको माग अत्यधिक बढ्ने व्यापारीहरू बताउँछन् । 'गर्मीमा उखुसँगै तुलसी र पुदिनाको पात मिसाएर जुस बनाउँछौं, बरफ हालेर चिसो बनाउँदा ग्राहकले निकै मन पराउँछन्,' नासिर भन्छन् ।

गौशाला-५ का व्यापारी मोहम्मद साबिर बढ्दो तापक्रमसँगै जुसको माग पनि बढ्ने गरेको बताउँछन् । 'जति गर्मी बढ्छ, जुस त्यति नै बढी बिक्छ । बेलाकै व्यापार हो, ग्राहकलाई जुस दिन भ्याइनभ्याइ हुन्छ,' उनले भने ।

महोत्तरीको बर्दिबास क्षेत्रमामात्रै हाल करिब ३०-३५ जना यस व्यवसायमा संलग्न छन् । जलेश्वर, रामगोपालपुर, पिपरा, मटिहानी, सीतापुर बजार, औरही, गौशाला, सम्सी र लोहारपट्टीलगायत बजार क्षेत्रमा पनि उखुको जुसको व्यापार बढ्दो छ । यस व्यवसायमा संलग्नमध्ये धेरैजसो विदेशबाट फर्किएकाहरू छन् ।

'विदेशमा ज्यान जोखिममा राखेर काम गर्नुभन्दा आफ्नै देशमा पसिना बगाउनु राम्रो हो,' अफजल भन्छन्, 'त्यहाँ धेरैले भनेको काम नपाएर दुःख पाइरहेका देख्दा मन दुख्छ ।'

धेरैजसो युवाहरू आफ्नो नजिकको ठाउँभन्दा छिमेकी बजारमा व्यापार गर्न जाने गरेका छन् । सर्लाहीका विवेक कुशवाहा भन्छन्, 'आफ्नै ठाउँमा भन्दा अलि पर खुलेर काम गर्न पाइन्छ, त्यसैले बर्दिबास रोजेको हुँ । यो व्यवसायबाट राम्रो आम्दानी भइरहेको छ । अन्य साथीलाई पनि यसमा लाग्न प्रेरित गरिरहेको छु ।'

करिब दुई लाख रूपैयाँ लगानीमा ठेला र मोटर जडान गरेर यो व्यवसाय सुरु गर्न सकिने व्यापारीहरूको अनुभव छ । उखु उधारोमा किनेर जुस बिक्रीबाट रकम तिर्न सकिने हुँदा पनि यो पेसा सहज बनेको छ । महोत्तरी, सर्लाही र धनुषामा उखुखेती प्रशस्त भएकाले कच्चा पदार्थको अभाव छैन ।

स्वास्थ्यकर्मीका अनुसार उखुको रस ऊर्जादायी र स्वास्थ्यका लागि लाभदायक पेय हो । कुनै कृत्रिम पदार्थ मिसाउन नपर्ने भएकाले गर्मीयाममा यसको माग बढ्ने गरेको वरिष्ठ जनस्वास्थ्य निरीक्षक गिरेन्द्रकुमार झाको भनाइ छ ।

व्यापार राम्रो भए पनि सडकमा डुल्दै व्यापार गर्दा नगरपालिकाका कर्मचारीबाट अवरोध हुने गुनासो गरेका छन् । 'हामी सडक छेकेर बस्दैनौं, डुल्दै व्यापार गर्छौं, तर पनि रोक्ने र दुःख दिने गरिन्छ,' व्यापारीले भन्ने गरेका छन् ।

यस विषयमा बर्दिबास नगरपालिकाले भने व्यापार रोक्ने वा दुर्व्यवहार गर्ने जस्ता घटना नभएको स्पष्ट पारेको छ । 'महेन्द्र राजमार्ग विस्तारको काम भइरहेकाले अव्यवस्थित पार्किङ रोक्न सूचना जारी गरेका हौं, त्यसबाहेक नियमानुसार काम गर्ने स्वरोजगारमूलक काम गर्ने व्यवसायीलाई समस्यामा पार्ने कुनै नीति छैन,' प्रमुख प्रशासकीय अधिकृत राममणि अधिकारीले बताए । *रासस*

पृष्ठ ४ बाट क्रमशः

## सात वर्षीय...

उमेर सीमामा केही लचकता अपनाउनुपर्ने सुझाव उनको छ । 'यदि कुनै बालबालिकासँग राम्रो ट्र्याक रेकर्ड र अनुभव छ भने अभिभावकको जिम्मेवारीमा जोखिम स्वीकृतिसहित आरोहण अनुमति दिनुपर्छ,' सिंहले भने, 'कम्तीमा छ हजार मिटरसम्मका गैरप्राविधिक हिमालहरूमा यस्तो व्यवस्था लागू भए, बालबालिकाले सानै उमेरदेखि आफ्नो सपना पछ्याउने अवसर पाउने थिए ।'

तेगबीरको यो साहासिक यात्रा प्रशंसनीय रहेको बताउँछन् ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान) गण्डकीका अध्यक्ष कृष्ण आचार्य । 'उनको यो यात्रासँगै नेपाल सुरक्षित र व्यवस्थित साहसिक गन्तव्य हो भन्ने एउटा सन्देश पनि दिएको छ,' आचार्यले भने, 'एउटा सात वर्षको बालकले अन्नपूर्ण सर्किट पार गर्नुले हाम्रो पदमार्गको गुणस्तर र सुरक्षालाई पनि पुष्टि गर्छ ।' अन्नपूर्ण सर्किटले नेपाललाई अन्तर्राष्ट्रिय पर्यटन बजारमा स्थापित गर्न महत्त्वपूर्ण भूमिका खेलेको जनाउँदै यी पदयात्राहरूमा पर्यटकले प्रकृतिमात्र होइन, संस्कृति र आतिथ्यता पनि अनुभव गर्ने उनको भनाइ छ ।

त्यस्तै, नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख मणिराज लामिछानेले यो कीर्तिमानले विश्व पर्यटन मानचित्रमा नेपालको विशिष्ट पहिचान थपेको बताए । 'हरियाली जंगलदेखि हिमाली मरुभूमिसम्मको यात्रा गराइने अन्नपूर्ण सर्किट केवल पदमार्गमात्र नभई सांस्कृतिक र प्राकृतिक संगम पनि हो, सानो बालकको साहसिक यात्राले यो सुरक्षित र साहसिक गन्तव्यका रूपमा थप परिचित हुने छ,' लामिछानेले भने । उनका अनुसार तेगबीरको यो यात्रा केवल एउटा बालकको सफलता मात्र नभई नेपालका हिमालहरूको सम्भावना र विश्वव्यापी आकर्षणको नयाँ मानक पनि हो । *रासस*

## कार्ययोजना अभावमा...

उनका अनुसार बसन्ता वन संरक्षण क्षेत्रको प्रारम्भिक कार्ययोजना वन विभागले तयार गरी स्वीकृत गरेको थियो । 'पहिलेको कार्ययोजना वन विभागले बनाएको हो, अहिले नयाँ कानुनी व्यवस्था आएपछि कसले बनाउने भन्ने अन्योल छ,' उनले भने ।

### कार्ययोजना ढिलाइले वन संरक्षण प्रभावित

वन संरक्षण क्षेत्रको प्रभावकारी व्यवस्थापनका लागि कार्ययोजनाले संरक्षणका गतिविधि, बजेट, जनशक्ति परिचालन र कार्यान्वयनको ढाँचा तय गर्छ तर कैलालीको वसन्ता वन संरक्षण क्षेत्र र कञ्चनपुरस्थित लालझाडी-मोहना वन संरक्षण क्षेत्रको कार्ययोजना नवीकरण हुन सकेको छैन । संघीय सरकारले घोषणा गरेका संरक्षित वन क्षेत्र कार्ययोजना अभावमा प्रभावहीन बन्दै गएका छन् ।

डिभिजन वन कार्यालय कञ्चनपुरका डिभिजनल वन अधिकृत लक्ष्मीराज जोशी आगामी आर्थिक वर्षमा कार्ययोजना नवीकरण गर्ने तयारी भइरहेको बताउँछन् । वन संरक्षण क्षेत्र सञ्चालनका लागि आवश्यक बजेटको अभाव अर्को ठूलो समस्या बनेको छ । लालझाडी-मोहना वन संरक्षण क्षेत्रका सदस्य सचिव तथा वरिष्ठ वन अधिकृत भरत शाहका अनुसार चालु आर्थिक वर्षमा यस क्षेत्रका लागि बजेट नै विनियोजन भएन ।

कार्ययोजनाअन्तर्गत वन गस्ती, जैविक विविधता संरक्षण, वन्यजन्तु संरक्षण, जनचेतना कार्यक्रम र समुदायको सहभागिता अभिवृद्धि गर्ने गतिविधि सञ्चालन गर्नुपर्ने भए पनि बजेट अभावले ती काम नियमित रूपमा गर्न कठिन भइरहेको छ । 'संरक्षण क्षेत्र नाममै सीमित जस्तो भएको छ,' शाह भन्छन्, 'हामीले गर्नुपर्ने संरक्षणका नियमित गतिविधिहरू सञ्चालन गरिरहेका छौं ।'

चालु आवमा संघीय सरकारले कैलालीको वसन्ता वन संरक्षणका लागि ३५ लाख रूपैयाँमात्रै बजेट विनियोजन गरेको छ । उक्त बजेट कर्मचारी व्यवस्थापनमै सीमित हुँदा वन संरक्षण, जैविक विविधता संरक्षण र जीविकोपार्जनसँग सम्बन्धित कार्यक्रम सञ्चालन हुन सकेका छैनन् ।

वन संरक्षण क्षेत्र परिषद्ले भने विभिन्न सरोकारवालासँग सहकार्य गर्दै संरक्षणका गतिविधिहरू अघि बढाइरहेको वसन्ता वन परिषद्का अध्यक्ष पुष्कलबहादुर बम बताउँछन् । उनका अनुसार समुदायको सहभागिता बढाउने, जनचेतना फैलाउने र वन्यजन्तु संरक्षणमा ध्यान दिने काम भइरहेको छ ।

कार्ययोजना निर्माणका लागि 'जल, जंगल र जमिन' परियोजनासँग समन्वय भइरहेको थियो । तर, परियोजना समाप्त भएपछि कार्ययोजना निर्माणको काम बीचमै अलपत्र परेको वसन्ता वन परिषद्का अध्यक्ष बम बताउँछन् । 'परिषद्लाई अझ प्रभावकारी बनाउन कार्ययोजना छिटो स्वीकृत हुन आवश्यक रहेको उनको भनाइ छ ।

वन संरक्षण क्षेत्रहरूको कार्ययोजना निर्माण तथा नवीकरणमा ढिलाइ हुँदा संरक्षणका गतिविधि प्रभावकारी हुन नसकेको प्रदेश वन निर्देशक हेमराज विष्ट बताउँछन् । उनले लालझाडी-मोहनाको कार्ययोजना नवीकरणका लागि अन्तर ्िष्ट्रिय साझेदारको आर्थिक सहयोगमा तयारी, सरोकारवालासँग प्रस्तुतीकरण र आवश्यक प्रक्रिया पूरा गरिए पनि अझै स्वीकृतिको अन्तिम चरणमै रहेको जानकारी दिए । त्यस्तै वसन्ता क्षेत्रको कार्ययोजना पनि तयार भई केन्द्रमा पठाइएपछि स्वीकृतिबारे स्पष्ट जानकारी नआएको उनको भनाइ छ ।

संघीय र प्रदेश तहबिच स्वीकृतिको अधिकार कसले प्रयोग गर्ने भन्ने विषयमा रहेको अन्योलले पनि प्रक्रिया लम्बिएको उनले उल्लेख गरे । निर्देशक विष्टका अनुसार कार्ययोजना स्वीकृत नहुँदा आवश्यक बजेट, कार्यक्रम र जनशक्ति अभावका कारण उद्देश्यअनुसार वन संरक्षण क्षेत्रको व्यवस्थापन हुन सकेको छैन ।

स्थानीय समुदायको सहभागिता कमजोर हुनु पनि अर्को चुनौतीका रूपमा देखिएको निर्देशक बिष्टले बताए । वन संरक्षण क्षेत्र सरकारको मात्र हो भन्ने बुझाइका कारण स्थानीयले चासो नदिँदा सामुदायिक वनमा बढी दबाब पर्ने र संरक्षण क्षेत्रभित्र अपेक्षित संरक्षण नहुने अवस्था सिर्जना भएको उनको भनाइ छ । उनी भन्छन्, 'वन संरक्षण क्षेत्र घोषणा गर्नुको उद्देश्य जैविक विविधता संरक्षण, पारिस्थितिक सन्तुलन कायम र पर्या-पर्यटन प्रवर्द्धन भए पनि आवश्यक स्रोत-साधन र कार्यक्रम नहुँदा लक्ष्य हासिल हुन सकेको छैन ।'

वन संरक्षण क्षेत्र व्यवस्थापनका लागि संरक्षण परिषद् गठन गरी विभिन्न निकाय र समुदायलाई समेट्ने प्रयास भए पनि कार्ययोजना र बजेट अभावका कारण परिषद् प्रभावकारी बन्न सकेको छैन । वन संरक्षण क्षेत्र व्यवस्थापनमा देखिएका समस्या समाधानका लागि सबैभन्दा पहिले कार्ययोजनाको शीघ्र स्वीकृति आवश्यक रहेको निर्देशक विष्टले जोड दिए । संघ र प्रदेशबीचको अधिकार स्पष्ट गर्दै निर्णय प्रक्रिया छिटो बनाउनुपर्ने आवश्यकता उनले औंल्याए ।

### संरक्षणमा ग्रामीण सहजकर्ता

वन संरक्षण क्षेत्रमा स्थानीय समुदायको सक्रिय सहभागिता सुनिश्चित गर्न ग्रामीण सहजकर्तालाई परिचालन गरिएको छ । वसन्ता वन संरक्षण क्षेत्रमा हाल सात जना ग्रामीण सहजकर्ता कार्यरत छन्, जसले समुदायसँग प्रत्यक्षरूपमा जोडिएर संरक्षणसम्बन्धी जनचेतना अभिवृद्धि गर्ने काम गरिरहेका छन् । उनीहरूले गाउँगाउँमा पुगेर वनको महत्त्व, जैविक विविधता संरक्षण र दिगो उपयोगबारे जानकारी दिने, छलफल गर्ने तथा स्थानीयलाई सहभागितामूलक कार्यक्रमतर्फ आकर्षित गर्ने जिम्मेवारी निर्वाह गरिरहेका छन् ।

वसन्ताअन्तर्गत सुखड सबडिभिजन वन कार्यालयमा कार्यरत ग्रामीण सहजकर्ता ज्ञानु चौधरीले समुदायसँग प्रत्यक्ष जोडिएर काम गरिरहेकी छन् । उनी भन्छिन्, 'मानिस विस्तारै संरक्षणमा सहभागी हुन थालेका छन् ।' थारू गायक मनीराम चौधरी ग्रामीण सहजकर्ताका रूपमा आबद्ध भई उदासीपुर सबडिभिजन वन कार्यालयअन्तर्गत कार्यरत छन् । उनी विभिन्न सचेतनामूलक कार्यक्रमहरूमा सहभागी भई संरक्षणसम्बन्धी सन्देश गीतमार्फत प्रस्तुत गर्छन् । स्थानीय भाषामा गाइने यस्ता गीतहरूले समुदायमा छिटो प्रभाव पार्ने र सन्देशलाई सहजरूपमा बुझ्न सहयोग पुग्ने भएकाले गीतमार्फत पनि संरक्षणका क्रियाकलाप गरिरहेको उनी बताउँछन् ।

ग्रामीण सहजकर्ता महेश चौधरीका अनुसार वन संरक्षण कार्यक्रमले स्थानीय बासिन्दामा सकारात्मक परिवर्तन ल्याउन थालेको छ । उनका अनुसार समुदायमा वन संरक्षणप्रति चासो बढ्दो छ र अवैध दोहन तथा वनमा हुने क्षतिमा पनि केही कमी आएको अनुभव गरिएको छ । संरक्षणलाई अझ प्रभावकारी बनाउन स्थानीय समुदायलाई जोड्ने गरी कार्यक्रम ल्याउनुपर्नेमा उनको जोड छ । *रासस*


**युएइमा रोजगार** — कम्पनी : TAWASUL TRANSPORT LLC

पूर्व स्वीकृति मिति : २०८१/०६/२३ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/१८ | LT. No. 312131 | चलानी नं. ६०२२६५१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LIGHT DUTY DRIVERS(TAXI DRIVER) | 121 | 0 | 1600 | ६६,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८३ वैशाख २६ गते (9th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

RAJ GROUP
**Raj Group Of Company Pvt.Ltd.**
Basundhara–3, Kathmandu, Nepal Tel : 0977-01-5903550, 5903660, Email : info@rajgroupnepal.com URL: www.rajgroupnepal.com

**युएइमा रोजगार** — कम्पनी : DECAGON SCAFFOLDING AND ENGINEERING CO L.L.C

पूर्व स्वीकृति मिति : २०८२/१०/२९ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/१८ | LT. No. 338840 | चलानी नं. ६०२५२३३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | SCAFFOLDER | 3 | 0 | 1500 | ६२,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान:
Sunsari, Itahari Sub-metropolitian City, BTCC International Scaffolding-itahari 06, Dharan Road मा, मिति: २०८३ वैशाख २६/२७/२८ गते (9/10/11 May. 2026) मा हुनेछ ।
KMC, Seagull International Technical Training Center-Pragati Tole Jyoti Nagar Rd, Budhanilkantha 10 मा मिति: २०८३ वैशाख २९/३०/३१ गते (12/13/14 May. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 407/060/61
**Seagull International Global H.R. Consultants Pvt. Ltd.**
Sukedhara, Kathmandu, Nepal, Tel: 01-4375822/4375824, Mob: 9841781155, 9808818851, 9851015421, 9746458492,9761489786 9841781155, E-mail : cm.seagull55@gmail.com, Web: www.seagullnepal.com.np

**मलेसियामा रोजगार** — कम्पनी : ENG SONG METAL TRADING SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८३/०१/१७ | LT. No. 341286 | चलानी नं. ६०२५४७१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scrap Metal and Used goods worker | 20 | 0 | 1700 | ६५,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८३ वैशाख २६ गते (9th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**White Horse International Pvt. Ltd.** Govt. License 966/067/68
New Baneshwor, Kathmandu, Nepal, Tel No: +977-1-4791108, 4792040, E-mail: wh.adm77427@gmail.com

**मलेसियामा रोजगार** — कम्पनी : Store N Go Sdn. Bhd.

पूर्व स्वीकृति मिति : २०८३/०१/१७ | LT. No. 341372 | चलानी नं. ६०२५४७००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Warehousemen | 28 | 0 | 1700 | ६५,००४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : Unity Gas Appliance Sdn Bhd

पूर्व स्वीकृति मिति : २०८३/०१/१७ | LT. No. 341371 | चलानी नं. ६०२५४६९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 7 | 0 | 1700 | ६५,००४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : Mantap Jujung Sdn Bhd

पूर्व स्वीकृति मिति : २०८३/०१/१७ | LT. No. 341369 | चलानी नं. ६०२५४६९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plantation Worker | 25 | 0 | 1700 | ६५,००४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : Daya Gembilang Sdn Bhd

पूर्व स्वीकृति मिति : २०८३/०१/१७ | LT. No. 341368 | चलानी नं. ६०२५४६९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plantation Worker | 23 | 0 | 1700 | ६५,००४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख २५ गते (8th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

यो विज्ञापन LT No. 341372/341371/341369/341368 मिति: २०८३/०१/१८ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

**ICONIC HR CONSULTANT PVT LTD**
Ganesh Basti, Maharajgunj-4, Kathmandu, Nepal. Tel: +977- 014548588
Official Mobile no: 9816572430, Satish Bk 976-1702070, E-mail: ram@iconic-hr.com, www.iconic-hr.com
Govt. Licence No. 1760/081/082

प्रभाव दैनिक

रूपशाला

**'काजी'को पहिलो गीत 'वारि बर पारी पिपलु' सार्वजनिक**

लक्ष्मण रिजाल निर्देशित फिल्म 'काजी'को पहिलो गीत 'वारि बर पारी पिपलु' सार्वजनिक गरिएको छ। चर्चित संगीतकार काली प्रसाद बास्कोटाको शब्द तथा संगीत रहेको गीतमा गांगा सोनाम र करण परियारको स्वर छ। रिजाल एन्ड रिजाल प्रोडक्सनको प्रस्तुति रहेको फिल्मका प्रस्तुतकर्ता राम प्रसाद रिजाल हुन्। केकी र विपिनसहित फिल्ममा गरिमा शर्मा, हेमन्त बुढाथोकी, प्रकाश घिमिरे, विशाल पहारी, हिउँवाला गौतम, अनुराग कुँवर, सन्दीप बाबु लोहानी, विनोद न्यौपाने, रश्मि भट्ट, प्रीतिका शर्मा, प्रशंसा सुबेदी, नवराज गिरी र बाल कलाकार दिक्षिता अर्याल, आरव बराल, सुपला सापकोटाले लगायत कलाकारले अभिनय छ।



शनिबार, १९ वैशाख २०८३ (Saturday, 2 May 2026)

# विनयराजको निर्देशनमा 'अक्षरा' शुभमुहूर्त



■ प्रभाव संवाददाता

**काठमाडौं** – निर्माण हुने चलचित्र 'अक्षरा'को शुभमुहूर्त गरिएको छ। शुक्रबार बिहान निर्माण टिमले गुहेश्वरी मन्दिरमा स्क्रिप्ट पूजा गर्दै फिल्मको औपचारिक सुरुवात गरेको हो।

मुहर्त शर्टमा क्यामेरा दिनेश महरा, रोल शंकर महर्जन, एक्सनकटमा मधुसूदन भट्टराई रहेका थिए भने क्ल्यापिङमा लव प्याकुरेलले दिएका थिए भने नरिवल दीपक दंगालले फुटाएका छन्।

फिल्ममा शुशिल सिटौला, न्यान्सी खड्का, शुशिल पोखरेल, पुष्कर राउत, रिस्ता अधिकारी, अंशु महर्जन, गीता अधिकारी, विरेन्द्र कुशवाह र सृजना अधिकारीको अभिनय रहनेछ। साथै बालकलाकारका रूपमा रोनक खड्का र प्रीसा ढुंगाना पनि देखिनेछन्। क्षित बाबू प्रोडक्सन हाउसको प्रस्तुतिमा निर्माण हुने यस फिल्मका निर्देशक बिनय राज पौडेल हुन् भने गीतकार सुरेन्द्र राना र संगीतकार कर्णराज गिरी रहेका छन्। कोरियोग्राफी रामजी लामिछानेले गर्नेछन् भने द्वन्द्व निर्देशन शंकर महर्जनको रहनेछ।

यस फिल्मको श्रृंगारमा मदन न्यौपाने, भेषभुषामा प्रार्थना भट्टराई र छायांकनमा दिपेन बस्न्यात रहेका छन्। निर्माण व्यवस्थापक सुमन काफ्ले हुन् भने पोस्टर डिजाइन राकेश दाहालले गरेका छन्। फिल्मको वितरण नेशनल सिने ग्रुप नेपाल प्रा.लि.मार्फत दीपक दंगालले गर्नेछन्। मुख्य सहायक निर्देशक दिवस बोहरा र सहायक निर्देशक मनोज बोहोरा रहेका छन्। सम्पादनमा गौतमराज खड्का रहेका छन्।

कार्यकारी निर्माता सुरज थापाकाजी हुन् भने निर्माता उग्रसेन ढुंगाना र सुग्रसेन ढुंगाना रहेका छन्। पटकथा तथा संवाद अभिमन्यु निरवीले तयार पारेका हुन्। दर्जनौ फिल्ममा सहायक निर्देशकको भुमिका निवार्ह गर्दै आएका बिनयले यस फिल्मबाट निर्देशनमा डेब्यु गरेका हुन्।

# 'ज्यू ज्यू सोल्टी'मा करूनासँग राजेश हमालको रोमान्स



**काठमाडौं (प्रस)**– गायिका तथा मोडल करुना राइको स्वर तथा अभिनयमा तयार भएको 'ज्यू ज्यू सोल्टी' बोलको गीतको भिडियो रिलिज भएको छ। काठमाडौंमा एक कार्यक्रमको आयोजना गर्दै रोमान्टिक शैलीको यो गीत सार्वजनिक गरिएको हो।

राजकुमार बगर र करुना राइको स्वर, हरि सापकोटाको शब्द र शंकर बराइलीको संगीत रहेको यो गीतको भिडियोमा महानायक राजेश हमाल र करुना राइको मोडलिङ छ। पूर्वेली भाकामा तयार भएको गीतको भिडियोलाई देवेन्द्र पाण्डेले निर्देशन गरेका हुन्। भिडियोको कोरियोग्राफी पनि उनी आफैले गरेका हुन्।

रामकृष्ण चौलागाइको छायांकन रहेको भिडियोमा विकास दाहालको सम्पादन छ। गीत सार्वजनिक कार्यक्रममा गायिका करुना राइको जन्मदिन समेत सेलिब्रेशन गरिएको थियो। राजेश हमालको साथमा विशेष अतिथीको रूपमा पुगेका धिरेन शाक्यले करुनालाई शुभकामना दिए।

नायक हमालले म्युजिक भिडियो र फिल्म दुवै कलाको पाटो भएको भन्दै कलाकारहरूले हरेक प्रकारका काम गर्न सक्नुपर्ने बताए। गायिका करुना राइले राजेश हमालसँग पाँचौ पटक भिडियोमा सहकार्य गर्न पाउनु आफ्ना लागि भाग्यको कुरा भएको सुनाइन्। यस्तै, नायक धिरेन शाक्यले राजेश हमाल र करुना राइको जोडी निकै राम्रो देखिएको भन्दै गीतको प्रशंसा गरे।



## आइसिसी विश्वकप लिग-२

# दीपेन्द्रको शतकसँगै युएईमाथि नेपाल विजयी



■ प्रभाव संवाददाता

**काठमाडौं** – आइसिसी विश्वकप लिग-२ अन्तर्गतको त्रिकोणात्मक शृंखलामा नेपालले शुक्रबार संयुक्त अरब इमिरेट्स (युएई)माथि जित हासिल गरेको छ। कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा भएको खेल वर्षाले प्रभावित बनेको खेलमा नेपालले युएईलाई डिएल मेथडका आधारमा छ रनले पराजित गरेको हो। डिएल मेथडका आधारमा नेपालले दिएको २५५ रनको बलियो लक्ष्य युएईले ३८ ओभरको समाप्तिमा सात विकेट गुमाउँदै २४८ रनमा समेटियो।

युएईका लागि मुहम्मद शहदादले सर्वाधिक ६५ रनको योगदान दिए। त्यस्तै खुजैमा तनवीरले ४९ बनाए। त्यसअघि नेपालले दिएको २९० रनको लक्ष्य पछ्याइरहेको युएईले ४.१ ओभरमा एक विकेट गुमाउँदै ३६ रन जोड्दा वर्षा बाधक बनेको थियो। त्यसपछि खेल करिब ४५ मिनेट रोकिन पुग्यो र अन्ततः खेललाई ३८ ओभरमा झारिएको थियो।

नेपालको जितमा बलिङतर्फ सन्दीप लामिछानेले उत्कृष्ट प्रदर्शन गर्दै तीन विकेट लिए। त्यस्तै सोमपाल कामी र नन्दन यादवले समान दुई-दुई विकेट लिए। त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको नेपालले निर्धारित ५० ओभरमा सात विकेट गुमाउँदै २८९ रनको बलियो योगफल खडा गरेको हो।

नेपालका लागि दीपेन्द्रसिंह ऐरीले उत्कृष्ट ब्याटिङ गर्दै ९४ बलमा १३ चौका र एक छक्काको मद्दतमा १०० रनको शानदार शतक प्रहार गरे। उनी अन्तिम बलमा रनआउट भएका थिए। मध्यक्रममा गुल्शन झाले पनि आक्रामक खेल देखाउँदै ३८ बलमा ४४ रन जोडे। ओपनर विनोद भण्डारीले संयमित इनिङ्स खेल्दै ७९ बलमा ५६ रन बनाए भने कप्तान रोहित पौडेलले ४८ बलमा ३९ रनको योगदान दिए। अर्जुन कुमालले ११ रन बनाउँदा भीम सार्कीले खाता नै खोल्न सकेनन्। आरिफ शेखले ११ रन थपे।

नेपालले सुरुआती ओभरमा केही दबाब झेले पनि मध्यक्रममा ऐरी र भण्डारीबीचको साझेदारीले इनिङ्स सम्हालेको थियो। युएईका लागि जुनैद सिद्दीकी र अजय कुमारले समान दुई-दुई विकेट लिए भने हैदर अली र खुजैमा तनवीरले एक-एक विकेट हात पारे।

## १२ औं सिटिजन्स बैंक खुला टेनिस

# प्रणव र आयुशमानको जोडी विजेता

■ प्रभाव संवाददाता

**काठमाडौं** – प्रणव खनाल र आयुशमान हजुर घलेको जोडी १२ औं सिटिजन्स बैंक खुला टेनिस प्रतियोगिताको पुरुष डबल्समा शुक्रबार पहिलो भएका छन्।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद्को कोर्टमा भएको फाइनलमा प्रणव र आयुशमानको जोडीले प्रदीप खड्का र प्रितम परियारको जोडीलाई ६-२, २-६ र ६-३ को सेटमा पराजित गरे।

भेट्रान ३५ वर्षमाथि पुरुष सिंगल्समा सन्तोष खत्री पहिलो भए। उनले फाइनलमा जितेन्द्र परियारलाई ६-७, ६-२ र १०-५ ले हराए। उक्त स्पर्धाको पुरुष डबल्स फाइनलमा जितेन्द्र परियार र छेवाङ लामाको जोडीले भीष्मजंग गुरुङ र गगन महर्जनको जोडीको चुनौती ६-० र ६-२ ले सहजै पन्छाए।

भेट्रान ५५ वर्षमाथि पुरुष सिंगल्सको फाइनलमा विमलकुमार गुरुङले चन्द्र शाहीलाई ४-६, ६-४ र १३-११ ले पाखा लगाउदै पहिलो भए।



सो स्पर्धाको पुरुष डबल्समा चन्द्र शाही र सोभितमान श्रेष्ठको जोडी विजेता बने। चन्द्र र सोभितमानको जोडीले मनु त्रिपाठी र पृथ्वीमान गुरुङको जोडीलाई ४-६, ६-२ र १०-६ ले पन्छाए।

भेट्रान ४५ वर्षमाथि पुरुष सिंगल्समा देव क्षेत्रीले बाजी मारे। उनले फाइनलमा रोहित सुनुवारमाथि ६-१ र ६-० को सहज जित दर्ता गरे। त्यसै स्पर्धाको पुरुष डबल्स फाइनलमा रोहित सुनुवार र महेश श्रेष्ठको जोडीले अमितसिंह गुरुङ र देव क्षेत्रीको जोडीलाई ६-३, १-६ र ११-९ ले पराजित गरे।

भेट्रान ६५ वर्षमाथि कमल थापाले दोहोरो स्वर्ण जिते। उनले पुरुष सिंगल्स/डबल्समा स्वर्ण जितेका हुन्। सिंगल्सको फाइनलमा कमलले ध्रुवबहादुर गुरुङमाथि ६-१ र ६-० को सहज जित दर्ता गरे। डबल्सको फाइनलमा कमलले छ्याम्बा डुन्डुपसंग मिलेर ध्रुवबहादुर गुरुङ र रविन्द्रदास श्रेष्ठको जोडीलाई ६-२ र ६-३ को सोझो सेटमा पराजित गरे।

प्रतियोगिताको अन्तिम दिन शनिबार पुरुष/महिला सिंगल्सको फाइनल हुनेछ। पुरुषमा प्रदीप खड्का र प्रणव मानन्धर तथा महिलामा शिभाली गुरुङ र स्वस्तिका विष्ट उपाधिका लागि भिड्ने छन्।

## दोश्रो पुष्पराज स्मृति राष्ट्रिय खुला टेबलटेनिस

# वियंका, नविता, इभाना र योङगी सेमिफाइनलमा

■ प्रभाव संवाददाता

**काठमाडौं** – नेपाल प्रहरीकी नविता श्रेष्ठ, एभीएमकी वियंका राई, एभीएमकी इभाना थापा र भिजन टेबलटेनिस एकेडेमीकी योङगी पौडेल दोश्रो पुष्पराज स्मृति राष्ट्रिय खुला टेबलटेनिस प्रतियोगिताको महिला सिंगल्समा शुक्रबार सेमिफाइनलमा प्रवेश गरेका छन्।

लैनचौरस्थित राष्ट्रिय टेबलटेनिस प्रशिक्षण केन्द्रमा नविताले प्रहरीकै सुस्मिता खड्कालाई ११-८, ९-११, ११-६ र १३-११ तथा वियंकाले भक्तपुरकी दिया देउलालाई ११-३, ११-९ र ११-९ को सेटमा पराजित गरे।




त्यस्तै इभानाले भक्तपुरकी दीक्षा दाहाललाई ११-२, ११-४ र ११-२ तथा योङगीले प्रहरीकी रविना महर्जनलाई ११-६, ७-११ ११-९ र १३-११ को सेटमा हराए। सेमिफाइनलमा इभानाको भेट योङगीसँग हुनेछ भने नविताले वियंकाविरुद्ध खेल्ने छिन्।

ललितपुर महानगरपालिका वडा ११ को मुख्य प्रायोजनमा खोल्चा पुखु खेलकुद उपसमितिले आयोजना गरेको प्रतियोगितामा २ सय खेलाडी सहभागी छन्। विभिन्न ६ स्पर्धा समावेश प्रतियोगिताको कुल पुरस्कार राशी २ लाख रूपैयाँ रहेको छ।



मे दिवसको दिन घरबारविहीन प्यालेस्टिनी बालक गाजास्थित बुरइज शरणार्थी शिविरमा भग्नावशेष कारमा खेल्दै । तस्बिरः एएफपी

# आणविक मुद्दामा इरान अडिग, क्षेत्रीय तनाव चुलिँदै

**दुबई–** क्षेत्रीय तनाव चर्किँदै जाँदा इरानका सर्वोच्च नेताले देशको आणविक तथा क्षेप्यास्त्र क्षमतामा कुनै सम्झौता नगर्ने स्पष्ट सन्देश दिएका छन् । अमेरिकी दबाब र युद्धविरामको अनिश्चित अवस्थाबीच आएको यो अभिव्यक्तिलाई इरानले आफ्नो रणनीतिक अडान अझ कडा बनाएको संकेतका रूपमा हेरिएको छ ।

राज्य टेलिभिजनमार्फत सार्वजनिक गरिएको वक्तव्यमा अयातुल्ला मोजताबा खमेनीले इस्लामिक गणतन्त्रका वैज्ञानिक, प्राविधिक र सैन्य क्षमताहरू राष्ट्रिय पहिचानसँग जोडिएको बताउँदै तिनको संरक्षण अपरिहार्य रहेको उल्लेख गरे । खमेनीले पर्सियन खाडी क्षेत्रमा अमेरिकी उपस्थितिमाथि कटाक्ष गर्दै त्यहाँको अवस्थालाई 'इतिहासको नयाँ अध्याय' का रूपमा व्याख्या गरे । आफ्नो बुबाको हवाई आक्रमणमा मृत्यु भएपछि सर्वोच्च नेतृत्व सम्हालेका खमेनी हालसम्म सार्वजनिक रूपमा देखा परेका छैनन् ।

देशको अर्थतन्त्र अमेरिकी नाकाबन्दीका कारण दबाबमा परेको बेला इरानको यस्तो अडान आएको हो । अमेरिकी नौसेनाले इरानी तेल ट्याङ्करहरूको आवागमन रोकेपछि निर्यात प्रभावित भएको छ भने विश्व बजारमा तेल आपूर्ति अस्थिर बनेको छ । हर्मुज जलघाँटीमा इरानको प्रभावका कारण विश्वको झण्डै पाँचौं हिस्सा कच्चा तेल ढुवानी प्रभावित भइरहेको छ । यसै सन्दर्भमा ब्रेन्ट क्रुडको मूल्य प्रतिब्यारेल १२६ डलरसम्म पुगेको छ ।

ऊर्जा आपूर्तिमा आएको दबाबले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पमाथि पनि राजनीतिक तथा आर्थिक दबाब बढाएको छ । उनले खाडी क्षेत्रमार्फत तेल ढुवानी पुनः सुरु गराउन नयाँ योजना अघि सारेको बताइएको छ । प्रस्तावित योजनाअनुसार अमेरिका इरानी बन्दरगाहमाथिको नाकाबन्दी जारी राख्दै सहयोगी राष्ट्रहरूसँग मिलेर इरानको हस्तक्षेपलाई महँगो बनाउने रणनीतिमा अघि बढ्ने तयारीमा रहेको छ ।

यसैबीच, अमेरिकी विदेश मन्त्रालयले विश्वभर रहेका आफ्ना कूटनीतिज्ञहरूलाई 'समुद्री स्वतन्त्रता' कायम गर्ने पहलमा सहयोग जुटाउन निर्देशन दिएको छ । उक्त



पहलले हर्मुज जलघाँटीमा निर्बाध आवागमन सुनिश्चित गर्ने लक्ष्य राखेको बताइएको छ । अमेरिकी पक्षले यसलाई अन्तर्राष्ट्रिय जलमार्गको सुरक्षाका लागि आवश्यक रक्षात्मक कदमको रूपमा व्याख्या गरेको छ ।

अर्कोतर्फ, राष्ट्रपति ट्रम्पले युरोपमा अमेरिकी सैन्य उपस्थिति पुनरावलोकन गर्ने सङ्केत पनि दिनुभएको छ । जर्मनीपछि इटाली र स्पेनबाट समेत सेना फिर्ता लिन सकिने उहाँको भनाइले सहयोगी राष्ट्रहरूसँगको सम्बन्धमा नयाँ बहस सुरु गरेको छ ।

अमेरिकी नाकाबन्दीका कारण हालसम्म दर्जनौं व्यापारिक जहाजहरू प्रभावित भएका छन् । यसले इरानलाई तेल निर्यातबाट वञ्चित गर्दै आर्थिक दबाब थप बढाएको छ । यद्यपि, इरानले आफ्नो आणविक कार्यक्रम शान्तिपूर्ण रहेको दाबी दोहोऱ्याउँदै आएको छ, जबकि उसले उच्च स्तरमा युरेनियम समृद्धि गरिरहेको पुष्टि भइसकेको छ ।

तनाव कम गर्न पाकिस्तानले अमेरिका र इरानबीच अप्रत्यक्ष वार्ताको सहजीकरण गरिरहेको जनाएको छ । प्रत्यक्ष संवाद भएमा समस्या समाधान सहज हुन सक्ने इस्लामाबादको धारणा छ, यद्यपि कुनै ठोस प्रगति सार्वजनिक गरिएको छैन ।

खमेनीको पछिल्लो अभिव्यक्तिले हर्मुज जलघाँटीमा इरानले आफ्नो नियन्त्रण कायम राख्ने सङ्केत पनि दिएको छ । केही जहाजहरूबाट शुल्क असुल्ने अभ्यासलाई इरानले वैध व्यवस्थापनका रूपमा प्रस्तुत गरेको छ, तर अन्तर्राष्ट्रिय समुदायले यसलाई स्वीकार गरेको छैन । खाडीका अरबी राष्ट्रहरूले यस्तो कदमको कडा आलोचना गर्दै समुद्री डकैतीसँग तुलना गरेका छन् ।

देशभित्र पनि तनाव बढिरहेको छ । इरानले हालै विरोध प्रदर्शनसँग सम्बन्धित आरोपमा एक युवकलाई मृत्युदण्ड दिएको पुष्टि गरेको छ । मानव अधिकार समूहहरूले युद्धपछिको अवस्थामा दमन बढेको र मृत्युदण्डको सङ्ख्या उकालो लागेको बताएका छन् । संयुक्त राष्ट्रसङ्घका अनुसार युद्ध सुरु भएयता कम्तीमा २१ जनालाई मृत्युदण्ड दिइएको छ ।

क्षेत्रीय रूपमा पनि अस्थिरता कायम छ । लेबनानको दक्षिणी क्षेत्रमा इजरायल र हिजबुल्लाहबीच झडप जारी रहेको छ । युद्धविरामका बाबजुद आक्रमणहरू भइरहेका छन्, जसमा दुवै पक्षले क्षति व्यहोरेका छन् । इजरायलले आफ्ना सैनिक गुमाएको जनाएको छ भने लेबनानमा नागरिक हताहत भएको रिपोर्ट सार्वजनिक भएको छ ।

यसैबीच, संयुक्त अरब इमिरेट्सले इरान, लेबनान र इराकमा रहेका आफ्ना नागरिकलाई सावधानी अपनाउन र आवश्यक परे फर्किन आह्वान गर्दै यात्रा प्रतिबन्धसम्बन्धी निर्णय सार्वजनिक गरेको छ । समग्र अवस्थाले मध्यपूर्व क्षेत्रमा तनाव कम हुनेभन्दा थप जटिल बन्दै गएको सङ्केत गरेको छ । *रासस/एपी*

# ट्रम्पको चीन भ्रमणले इरान नीति प्रभावित

**वासिङ्टन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको आगामी चीन भ्रमणले इरानसँग सम्बन्धित सैन्य र कूटनीतिक रणनीतिमा प्रत्यक्ष प्रभाव पारिरहेको संकेत देखिएको छ । विभिन्न अमेरिकी सञ्चारमाध्यमका रिपोर्टअनुसार बेइजिङ भ्रमणलाई प्राथमिकतामा राख्दै ह्वाइट हाउसले इरानसम्बन्धी निर्णयहरूमा सावधानीपूर्वक सन्तुलन खोजिरहेको छ ।

एनबिसीको रिपोर्टअनुसार ह्वाइट हाउसका एक अज्ञात अधिकारीले राष्ट्रपति ट्रम्पले इरानसँग सम्बन्धित विकल्पहरू मूल्याङ्कन गर्दा चीन भ्रमणलाई महत्त्वपूर्ण कारकका रूपमा लिएको जानकारी दिनुभएको छ । मे १४ र १५ का लागि तय गरिएको यो भ्रमणलाई प्रशासनले अत्यन्त प्राथमिकताका साथ हेरिरहेको छ । द्वन्द्व सुरु भएपछि एकपटक स्थगित भइसकेको भ्रमणलाई फेरि पछाडि सार्ने पक्षमा प्रशासन नरहेको जनाइएको छ ।

यसैबीच, द न्युयोर्क टाइम्सले स्ट्रेट अफ हर्मुज र इरानी बन्दरगाहहरू वरिपरि लागू गरिएको दोहोरो समुद्री प्रतिबन्धले कूटनीतिक वातावरणलाई अझ जटिल बनाएको उल्लेख गरेको छ । यी अवरोधहरूले बेइजिङ भ्रमणलाई 'उच्च जोखिमयुक्त' बनाइरहेको बताइएको छ, जहाँ सुरक्षा र आपूर्ति व्यवस्थापन दुवै चुनौतीका रूपमा उभिएका छन् । चीनले युद्ध अन्त्यका लागि मध्यस्थ भूमिका खेल्ने इच्छा व्यक्त गरिरहे पनि वासिङ्टन र बेइजिङबीचको तनाव कायम छ । अमेरिकी प्रशासनले इरानी तेलसँग व्यापार गरेको आरोपमा चिनियाँ ढुवानी कम्पनी र तेल प्रशोधन केन्द्रहरूमाथि प्रतिबन्ध लगाउँदै आएको छ, जसले द्विपक्षीय सम्बन्धमा थप दबाब सिर्जना गरेको छ ।

ऊर्जा सुरक्षाको प्रश्नले पनि यस समग्र परिस्थितिलाई जटिल बनाएको छ । चीनसहित धेरै देशहरू हर्मुज जलघाँटीमार्फत हुने तेल ढुवानीमा निर्भर छन् । मार्चको सुरुदेखि



जलमार्ग आंशिक रूपमा बन्द हुँदा विश्वव्यापी आपूर्ति शृंखला प्रभावित भएको छ र यसले अमेरिका-चीन वार्तामा नयाँ दबाब थपेको छ ।

यसबीच राष्ट्रपति ट्रम्पले इरानसँग वार्ता जारी रहेको खुलासा गरेका छन् । तर ती वार्ताको विवरण सीमित समूहमा मात्र राखिएको उनको भनाइ छ । 'वार्ताको वास्तविक अवस्था थाहा पाउनेहरू म र केही व्यक्तिहरू मात्रै हौं', ट्रम्पले ओभल अफिसमा पत्रकारहरूसँग भने । साथै इरानको नेतृत्व संरचना अस्पष्ट रहेको उल्लेख गर्दै उनले वार्तामा त्यसले चुनौती थपेको बताए ।

यद्यपि, ट्रम्पले इरान सम्झौताको खोजीमा रहेको दाबी गरेका छन् । उनका अनुसार अमेरिकी नाकाबन्दी र आर्थिक दबाबले इरानको अर्थतन्त्र गम्भीर संकटमा परेको छ । 'अवरोधको प्रभाव अत्यन्तै गहिरो छ', उनले भने । यसले हर्मुज जलघाँटी केन्द्रित अमेरिकी रणनीतिक दबाबलाई संकेत गर्छ ।

सैन्य विकल्पका सन्दर्भमा भने ट्रम्पले सतर्कता देखाएका छन् । ठूलो स्तरको आक्रमण आवश्यक छ वा छैन भन्नेबारे अनिश्चितता व्यक्त गर्दै उहाँले परिस्थिति हेरेर निर्णय गरिने संकेत दिए । सिएनएनका अनुसार पेन्टागनबाट अद्यावधिक सैन्य विकल्पहरू प्राप्त हुने अपेक्षा गरिएको छ, जसले आगामी निर्णय प्रक्रियामा भूमिका खेल्नेछ ।

अमेरिकी आन्तरिक राजनीतिमा पनि यस विषयले बहस चर्काएको छ । कंग्रेसले राष्ट्रपतिको सैन्य अधिकार सीमित गर्न प्रयास गरिरहँदा ट्रम्पले त्यसको आलोचना गरेका छन् । उनले आफू इरानसँग सम्झौतामा केन्द्रित हुँदा पनि विधायिकाबाट निरन्तर अवरोध भइरहेको गुनासो गरे । यसैबीच, युद्धविरामका कारण सन् १९७३ को युद्ध शक्ति प्रस्तावअन्तर्गतको ६० दिने समयसीमा रोकिने प्रशासनको दाबीले नयाँ कानूनी विवाद निम्त्याएको छ । रक्षामन्त्री पीट हेगसेथले सिनेटमा गवाही दिँदै युद्धविरामले उक्त समयसीमा स्थगित भएको तर्क गरे । तर डेमोक्रेटिक सिनेटर टिम केनले यस व्याख्यामा असहमति जनाउँदै कानूनी रूपमा यो टिक्न नसक्ने बताए । *रासस/एएनआई*

# खामेनेई स्वस्थ रहेको दाबी

**तेहरान–** इरानका सर्वोच्च नेता मोजताबा खामेनेईको स्वास्थ्य अवस्थाबारे फैलिएका विभिन्न आशंकाबीच उनको कार्यालयका एक वरिष्ठ सहयोगीले उहाँ पूर्ण रूपमा सुरक्षित र सक्रिय रहेको दाबी गरेका छन् । अमेरिकी दाबी र बाह्य अड्कलबाजीलाई खारेज गर्दै इरानी पक्षले यस्तो सूचना 'मनोवैज्ञानिक दबाब सिर्जना गर्ने प्रयास' भएको जनाएको छ ।

सर्वोच्च नेताको कार्यालयसँग सम्बद्ध तथा विशेषज्ञ सभाका सदस्य उप अयातुल्ला मोहसेन कोमीले खामेनेईको स्वास्थ्यबारे उठाइएका प्रश्नहरूलाई पश्चिमी रणनीतिको हिस्सा भएको टिप्पणी गरे । उनका अनुसार नेताको सार्वजनिक उपस्थिति नदेखिएको विषयलाई आधार बनाएर शत्रुपक्षले भ्रम फैलाउने प्रयास गरिरहेको छ ।

कोमीले भने, 'केहीले नेताको स्वास्थ्यबारे जिज्ञासा राखिरहेका छन्, तर यस्तो प्रश्न उठाउनु नै शत्रुको योजना हो । उहाँ किन देखिनुहुन्न, किन सन्देश आउँदैन भन्ने विषय उठाएर प्रतिक्रिया उक्साउने प्रयास भइरहेको छ ।' उनले यस्ता गतिविधिको उद्देश्य आन्तरिक र बाह्य रूपमा भ्रम सिर्जना गर्नु रहेको उल्लेख गरे ।

उनका अनुसार हाल इरानी नेतृत्वको मुख्य



प्राथमिकता सर्वोच्च नेताको सुरक्षा सुनिश्चित गर्नु हो । केही चोटपटक लागे पनि खामेनेई सुरक्षित रहेको र अवस्था नियन्त्रणमा रहेको उनको भनाइ छ । 'उहाँ घाइते हुनुभएको थियो, तर अहिले पूर्ण रूपमा स्वस्थ हुनुहुन्छ र सक्रिय रूपमा जिम्मेवारी सम्हालिरहनुभएको छ', कोमीले भने । कोमीले बम आक्रमण भएको भवनमा खामेनेई उपस्थित रहेको पुष्टि गर्दै संयोगवश ठूलो क्षतिबाट जोगिएको उल्लेख गरे । विस्फोट हुनुभन्दा केही मिनेटअघि उनले स्थान परिवर्तन गरेका कारण ज्यान जोगिएको दाबी गरिएको छ । उक्त घटनामा अन्य व्यक्तिहरूको मृत्यु भएको पनि जनाइएको छ ।

हाल खामेनेईले वार्ता, क्षेत्रीय गतिविधि र रणनीतिक निर्णयहरू प्रत्यक्ष रूपमा निगरानी गरिरहेको कोमीले जानकारी दिए । उनका अनुसार सर्वोच्च नेताले वार्ताकार टोलीलाई विभिन्न परिस्थितिमा कसरी अघि बढ्ने भन्नेबारे स्पष्ट निर्देशनसमेत दिइसकेका छन् । यसअघि भारतस्थित इरानी प्रतिनिधि मोहम्मद हुसेन जियेनियाले पनि खामेनेईको स्वास्थ्य अवस्था राम्रो रहेको बताएका थिए । उनले हालैको संवादका आधारमा नेता सामान्य अवस्थामा रहेको बताए ।

यद्यपि, अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले भने फरक सन्दर्भ प्रस्तुत गरेका छन् । फेब्रुअरी २८ मा पूर्व सर्वोच्च नेता अली खामेनेईको परिसरमा भएको हवाई आक्रमणपछि मोजताबा खामेनेई सार्वजनिक रूपमा कम देखिएको उल्लेख गरिएको छ । उक्त आक्रमणमा उनका परिवारका सदस्यहरू समेत मारिएको रिपोर्ट गरिएको थियो । त्यसपछि उनको पहुँच सीमित गरिएको र उपचार प्रक्रियामा रहेको खबरहरू बाहिरिएका थिए । सीमित व्यक्तिहरू–विशेषगरी चिकित्सकहरू–मात्र उनको सम्पर्कमा रहेको बताइएको थियो । *रासस/एएनआई*

# सुकीलाई हिरासतबाट नजरबन्दमा सार्ने



**याङ्गुन–** पाँच वर्षदेखि हिरासतमा राखिएकी अपदस्थ नेता आङ सान सुकीलाई म्यान्माको सैनिक नेतृत्वले नजरबन्दमा सार्ने निर्णय गरेको छ । जुन्ता प्रमुखबाट नागरिक राष्ट्रपति बनेका मिन आङ ह्लाइङले बिहीबार सुकीको बाँकी सजाय 'तोकिएको निवास' मा पूरा गर्न दिने आदेश दिएका हुन् । यसलाई धेरैले अन्तर ार्ष्ट्रिय दबाब कम गर्ने प्रयासका रूपमा हेरेका छन् ।

राष्ट्रपतिको कार्यालयले जारी गरेको विज्ञप्तिमा ८० वर्षीया सुकीको सजायको स्वरूप परिवर्तन गरिएको उल्लेख गरिएको छ, तर उनलाई कहाँ राखिने भन्ने स्पष्ट पारिएको छैन । सार्वजनिक गरिएको एउटा तस्वीरमा सुकी दुई जना सुरक्षाकर्मीसँग बसेको देखिन्छ । सुकीको पार्टी नेसनल लिग फर डेमोक्रेसी (एनएलडी) का एक वरिष्ठ स्रोतका अनुसार उनलाई राजधानी नेपिडोको कुनै सुरक्षित स्थानमा राखिएको हुनसक्ने अनुमान गरिएको छ, यद्यपि ठेगाना गोप्य राखिएको छ । नेपिडोस्थित एक प्रहरी स्रोतले सुरक्षा व्यवस्थालाई कडाइका साथ लागू गर्न निर्देशन दिइएको जानकारी दिएका छन् । उनका अनुसार 'तोकिएको निवास' पूर्ण रूपमा सुरक्षा निकायको नियन्त्रणमै रहनेछ । सुकीको सजाय कति बाँकी छ भन्नेबारे पनि सरकारी पक्षले खुलाएको छैन ।

यस निर्णयलाई अन्तर्राष्ट्रिय समुदायले सावधानीपूर्वक स्वागत गरेको छ । संयुक्त राष्ट्रसंघका प्रवक्ता स्टेफन डुजारिकले यसलाई 'विश्वसनीय राजनीतिक प्रक्रियातर्फको सम्भावित संकेत' भएको बताए । यद्यपि सुकीका वकिलहरूले भने उनी अझै पनि अन्यायपूर्ण रूपमा स्वतन्त्रताबाट वञ्चित रहेको बताएका छन् ।

सन् २०२१ मा सैनिक कू मार्फत सत्ता कब्जा गरेपछि मिन आङ ह्लाइङ नेतृत्वको सेनाले सुकीको निर्वाचित सरकार अपदस्थ गर्दै उनलाई विभिन्न आरोपमा हिरासतमा राखेको थियो । अधिकारवादी समूहहरूले ती आरोपहरूलाई राजनीतिक रूपमा प्रेरित बताएका छन् । त्यसयता देश गृहयुद्धमा फसेको छ, जसले हजारौंको ज्यान लिएको छ भने लाखौं मानिस विस्थापित भएका छन् ।

हालै सम्पन्न विवादास्पद चुनावपछि नागरिक राष्ट्रपति बनेका मिन आङ ह्लाइङले एनएलडीलाई प्रक्रिया बाहिर राखेका थिए । चुनावमा आलोचना वा विरोध गर्नेलाई कडा सजायको व्यवस्था गरिएको थियो भने द्वन्द्वग्रस्त क्षेत्रमा मतदान नै हुन सकेन । लोकतन्त्रका पक्षधरहरूले यसलाई सैनिक शासनलाई वैधानिक देखाउने प्रयासका रूपमा व्याख्या गरेका छन् । विश्लेषकहरूका अनुसार सुकीलाई नजरबन्दमा सार्ने निर्णय पनि त्यही रणनीतिको निरन्तरता हुन सक्छ । *रासस/एएफपी*

# अमेरिकी प्रस्तावप्रति चीन आक्रोशित

बेइजिङ- अमेरिकी नियामक निकायको नयाँ प्रस्तावले प्रविधि व्यापारमा नयाँ तनाव निम्त्याउने संकेत देखिएपछि चीनले कडा आपत्ति जनाएको छ । चिनियाँ प्रयोगशालाहरूलाई अमेरिकी बजारका लागि इलेक्ट्रोनिक उपकरण परीक्षणबाट रोक्ने योजनाले द्विपक्षीय व्यापार सम्बन्धमा नकारात्मक प्रभाव पार्ने भन्दै बेइजिङले प्रतिकार गर्ने चेतावनी दिएको छ ।

अमेरिकाको फेडरल कम्युनिकेसन कमिसन (एफसीसी) ले बिहीबार अघि बढाएको प्रस्तावले स्वीकृति पाए स्मार्टफोनदेखि क्यामेरासम्मका विभिन्न उपकरणहरू प्रभावित हुनेछन् । एफसीसीका अनुसार हाल संयुक्त राज्य अमेरिकामा प्रयोग हुने करिब ७५ प्रतिशत प्रमाणित उपकरणहरू चीनस्थित मान्यता प्राप्त प्रयोगशालाहरूमा परीक्षण गरिन्छन्, जसले यो प्रस्तावको प्रभाव व्यापक हुनसक्ने देखाउँछ ।

यस निर्णयप्रति प्रतिक्रिया दिँदै चीनको वाणिज्य मन्त्रालयले यस्तो कदमले 'अन्तर्राष्ट्रिय आर्थिक तथा व्यापार प्रणालीलाई गम्भीर रूपमा कमजोर बनाउने' चेतावनी दिएको छ । मन्त्रालयले यदि अमेरिका आफ्नो निर्णयमा अडिग रहे चीनले आफ्ना उद्यमहरूको वैध अधिकार र हित जोगाउन आवश्यक कदम चाल्ने स्पष्ट संकेत दिएको छ । चीनले एफसीसीमाथि चिनियाँ कम्पनी र उत्पादनलाई लक्षित गर्दै बारम्बार प्रतिबन्धात्मक उपायहरू लागू गरेको आरोप पनि लगाएको छ । यस्ता कदमहरूले दुई देशबीच कठिन प्रयासबाट कायम भएको व्यापारिक स्थिरता बिगार्ने र उच्चस्तरीय सहमतिविपरीत जाने मन्त्रालयको दाबी छ ।

एफसीसीले भने आफ्नो प्रस्ताव 'राष्ट्रिय सुरक्षालाई प्राथमिकता दिने' उद्देश्यले ल्याइएको जनाएको छ । यसअघि नै एजेन्सीले विदेशी विरोधीहरूको स्वामित्व वा नियन्त्रणमा रहेका परीक्षण प्रयोगशालाहरूलाई सीमित गर्ने नियम लागू गरिसकेको छ । नयाँ प्रस्तावले अमेरिकाको पारस्परिक मान्यता वा समान व्यापार सम्झौता नभएका देशहरूमा रहेका प्रयोगशालाहरूको मान्यता हटाउने लक्ष्य राखेको छ ।

एफसीसकीका अनुसार चीनसँग यस्तो कुनै सम्झौता छैन । प्रस्ताव पारित भएमा चिनियाँ प्रयोगशालामा परीक्षण तथा प्रमाणीकरण भएका उपकरणहरूलाई दुई वर्षभित्र चरणबद्ध रूपमा अमेरिकी बजारबाट हटाइनेछ । यो प्रस्तावले प्रविधि आपूर्ति शृफ्ला, अन्तर्राष्ट्रिय व्यापार अभ्यास र अमेरिका-चीन सम्बन्धमा नयाँ तनाव थप्ने सङ्केत दिएको छ । विश्लेषकहरूले यसलाई व्यापार मात्र नभई रणनीतिक प्रतिस्पर्धाको अर्को चरणका रूपमा पनि व्याख्या गरेका छन् । *रासस/एएफपी*

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २९६१०० | प्रति तोला – ० | प्रति तोला – ४९५४ |

## अर्थमन्त्री वाग्ले र अमेरिकी विशेष दूत गोरबीच भेटवार्ता



**काठमाडौं (प्रस)**– अर्थमन्त्री डा स्वर्णिम वाग्लेसँग नेपाल भ्रमणमा रहेकासंयुक्त राज्य अमेरिकाका दक्षिण तथा मध्य एसियाका लागि विशेषदूत सर्जियो गोरले उनको कार्यकक्षमा शिष्टाचार भेट गरेका छन् ।

त्यसअवसरमा उनीहरूबीच नेपाल-अमेरिका आर्थिक साझेदारी र विकास सहायताका विविध विषयमा छलफल भएको अर्थ मन्त्रालयले जनाएको छ । त्यसअघि विशेष गोरले परराष्ट्रमन्त्री शिशिर खनालसँग पनि भेट गरेका थिए । गोर तीन दिने नेपाल भ्रमणका लागि शुक्रबार नेपाल आइपुगेका हुन् ।

## सिमरा सेजको ४९० बिघा जमिन अतिक्रमित

■ प्रभाव संवाददाता

**वीरगञ्ज (पर्सा)**– सिमरास्थित विशेष आर्थिक क्षेत्र (सेज) प्राधिकरण मातहत रहेको ४९० बिघा जमिन अतिक्रमण भएको छ । सेजको सो जग्गामा अहिले करिब छ सयभन्दा धेरैले घरटहरा निर्माण गरेर अस्थायी रूपमा बसोबास गरिरहेका छन् ।

विशेष आर्थिक क्षेत्र प्राधिकरण मातहत ८३३ बिघा जग्गा भए पनि अहिले ३४३ बिघा क्षेत्रफलअन्तर्गत विभिन्न ब्लकमा उद्योग तथा कलकारखना सञ्चालन एवं केही उद्योग निर्माणाधीन अवस्थामा रहेका छन् । तर, बाँकी रहेको अन्य जग्गामा अतिक्रमण गरेर खेतीपाती तथा घरटहरा निर्माण गरेर बसिरहेका छन् ।

सिमरास्थित विशेष आर्थिक क्षेत्र प्राधिकरणका साइट इन्चार्ज तथा इन्जिनियर पप्पु गिरीले ४९० विघा क्षेत्रफलमा किसानले खेतीपाती गरेर अतिक्रमण गर्दै आइरहेकाले अब हटाउने प्रक्रिया अघि बढाइएको जानकारी दिए ।

प्राधिकरणले गत वैशाख ९ गते पत्र लेखेर जितपुरसिमरा उपमहानगरपालिका, जिल्ला प्रशासन कार्यालय बारा र जिल्ला




प्रहरी कार्यालय बारालाई पत्र लेखेर जग्गा अतिक्रमण हटाउनका लागि आवश्यक समन्वय र सहजीकरण गर्नका लागि अनुरोध गरिएको छ ।

'विशेष आर्थिक क्षेत्रको जग्गा अतिक्रमण गरी बनेका घरटहरा हटाउन, लगाइसकेका बालीनाली उठाउन तथा नयाँ बालीनाली नलगाउन स्थानीयलाई जानकारी गराएर अतिक्रमित जग्गा खाली गराउनका लागि अनुरोध भइसकेको छ,' सेजका साइट इन्चार्ज गिरीले भने, 'सरकारी निकायसँग आवश्यक समन्वय गर्ने काम भइरहेको छ ।'

विशेष आर्थिक क्षेत्र प्राधिकरण सिमराका सबइन्जिनियर अजयकुमार चौधरीले वीरगञ्ज चिनी कारखाना बन्द भएपछि सो कारखानामा काम गर्ने ९३ जना कामदारलाई अस्थायी रूपमा बसोबास गर्न र खनजोत गर्नका लागि प्रतिपरिवार छ क√ाका दरले जग्गा उपलब्ध भएको जानकारी दिए ।

'हामीले अतिक्रमणमा परेको जग्गा फिर्ता ल्याउनका लागि आवश्यक प्रक्रिया अघि बढाइसकेका छौँ,' उनले भने, 'जितपुर सिमरा उपमहानगरपालिका र स्थानीय प्रशासनबाट सहयोग गर्ने प्रतिबद्धता पाइसकेका छौं ।' प्राधिकरणका अनुसार अहिले यहाँ अस्थायी रूपमा घरटहरा बनाएर करिब छ सयभन्दा धेरै बसोबास गर्दै आइरहेको जनाएको छ । प्राधिकरणअन्तर्गत पाँच वटा ब्लक रहेका छन् ।

बाराका प्रमुख जिल्ला अधिकारी धर्मेन्द्रकुमार मिश्रले सिमरास्थित विशेष आर्थिक क्षेत्र प्राधिकरणको अतिक्रमित जग्गा र घरटहरा हटाउनका लागि आवश्यक शान्तिसुरक्षा दिनका लागि तयार रहेको बताए । 'प्राधिकरण र गृहमन्त्रालय दुवै निकायबाट अतिक्रमित जग्गा हटाउन आवश्यक समन्वय र सहजीकरण गर्न अनुरोध आएको छ,' उनले भने, 'प्राधिकरणले मिति तोकेर हटाउन भनेपछि हामीले आवश्यक शान्तिसुरक्षा उपलब्ध गराएर सहजीकरण गर्न तत्पर रहेका छौं ।'

'ए' ब्लकमा ३४३ बिघा जग्गा रहेको छ । जहाँ अहिले आधा दर्जनभन्दा धेरै उद्योग चालु अवस्थामा रहेका छन् भने एक दर्जन उद्योग निर्माणाधीन अवस्थामा रहेका छन् । त्यस्तै, 'बी' ब्लकमा १२८ बिघा क्षेत्रफल रहेको छ । जहाँ ७० प्रतिशतभन्दा धेरै जग्गा प्राधिकरण मातहत नै छ । त्यस्तै 'सी' ब्लकमा भने ४९ दशमलव ५ बिघा जग्गा रहेको छ । त्यस्तै 'डी' ब्लकमा १३३ बिघा र 'इ' ब्लकमा १७८ दशमलव ५ बिघा जग्गा रहेको छ ।

## प्रमुख बालीको न्यूनतम समर्थन मूल्य निर्देशिका जारी

■ प्रभाव संवाददाता

**काठमाडौं** – कृषि तथा पशुपन्छी विकासमन्त्री गीता चौधरीले न्यूनतम समर्थन मूल्य र न्यूनतम खरिद मूल्य निर्धारणसम्बन्धी निर्देशिका, २०८२ जारी गर्नुभएको छ । उक्त निर्देशिकाअनुसार किसानले अब बाली रोप्नु अगावै नै प्रमुख बालीहरूको न्यूनतम समर्थन मूल्य (एमएसपी) बारे जानकारी पाउने भएका छन् ।

कृषि मन्त्रालयले नयाँ निर्देशिका कार्यान्वयनमा ल्याउँदै बाली लगाउनुअघि नै धान (बर्खे र चैते), मकै, गहुँ र कोदोलगायत बालीको न्यूनतम समर्थन मूल्य तोक्ने व्यवस्था गरेको हो । उखुको हकमा भदौ ३० गतेसम्म 'फिल्ड' सर्वेक्षण तथा तथ्यांक संकलन गरिनेछ भने असोज १५ गतेसम्म विश्लेषण प्रतिवेदन तयार हुनेछ । त्यसपछि कात्तिक १० गते प्राविधिक समितिबाट सिफारिस भई कात्तिक ३० गतेसम्म अन्तिम सिफारिस पेस गरिने मन्त्रालयले जनाएको छ ।

त्यस्तै, गहुँका लागि साउन ३० गतेसम्म सर्वेक्षण, भदौ १५ गतेसम्म प्रतिवेदन, असोज ९ गते प्राविधिक सिफारिस र असोज ३० गते अन्तिम सिफारिस गर्ने कार्यतालिका छ । चैते धान, वर्षे धान, वर्षे मकै र कोदोका लागि पनि क्रमशः मङ्सिरदेखि वैशाखसम्म विभिन्न चरणमा अध्ययन, विश्लेषण र सिफारिस प्रक्रिया सम्पन्न गरिने व्यवस्था गरिएको छ ।

सरकारले बाली रोपाइँ अघि नै न्यूनतम समर्थन मूल्य निर्धारण गर्ने उद्देश्यसहित यस्तो कार्यतालिकासहितको निर्देशिका ल्याएको जनाएको छ । यस व्यवस्थाले किसानलाई बाली छनोट गर्न सहज हुने, उत्पादन योजना बनाउन सहयोग पुग्ने तथा बजार जोखिम घट्ने अपेक्षा गरिएको मन्त्री चौधरीले बताएकी छिन् । साथै, किसानले उचित मूल्यको सुनिश्चितता पाउने भएकाले कृषि क्षेत्रमा लगानी र उत्पादन वृद्धि हुने मन्त्रीको विश्वास छ ।

मन्त्री चौधरीले प्रमुख बालीहरू धान, मकै, गहुँ र कोदोको न्यूनतम समर्थन मूल्य तथा उखु बालीको न्यूनतम खरिद मूल्य निर्धारणसम्बन्धी निर्देशिका, २०८२ ल्याएकी हुन् । कृषि उपजको उत्पादन थलो मूल्यमा हुने उतारचढावमा स्थिरता, मूल्य जोखिम न्यूनीकरण एवं किसानलाई न्यूनतम नाफा सुनिश्चिततामार्फत किसानलाई कृषि पेसामा आकर्षित गर्न उत्पादनको न्यूनतम समर्थन मूल्य र न्यूनतम खरिद मूल्य निर्धारण गर्न वाञ्छनीय भएको मन्त्रीले बताएकी छिन् । खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी ऐन, २०७५ को दफा ४७ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, कृषि मन्त्रालयबाट यो निर्देशिका जारी गरिएको जनाइएको छ ।

### कोरियामा नेपाली चिया प्रवर्द्धन कार्यक्रम

**काठमाडौं (प्रस)**– दक्षिण कोरियाको राजधानी सिओलस्थित नेपाली दूतावासले बुधबार नेपाली चियाको प्रवर्द्धन गर्ने उद्देश्यले 'नेपाली टी टेस्टिङ कार्यक्रम' आयोजना गरेको छ । त्यस अवसरमा दक्षिण कोरियाका लागि नेपाली राजदूत शिवमाया तुम्बाहाम्फेले नेपाली चियाको विविधता र गुणस्तरलाई कोरियाली बजारमा परिचित गराउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको बताइन् ।

## भेडाबाख्रा धपाउँदै लेक चढे भेडी गोठालाहरू

**गोरखा (प्रस)**– छ महिनाअघि बेशी झरेका गोठाला भेँडाबाखा धपाउँदै लेकतिर उक्लेका छन् । चुमनुब्री गाउँपालिका-३ पाङसिङका गोठालाहरू हजारौं भेँडाबाखा धपाउँदै लेकतिर लागेको जगतका लक्ष्मण कार्कीले बताए ।



चुमनुब्री-३ पाङसिङ गोरखाकै सबैभन्दा धेरै भेँडापालन गर्ने गाउँ हो । हिउँद लाग्न थालेपछि लेकबाट खोर्ला, सिङ्ला, लाप्राक, बारपाक, दूधपोखरी हुँदै लम्जुङतिर लगिएका र आर्खेत, आरुघाट, मान्बु हुँदै धादिङसम्म पुऱ्याइएका भेँडाबाखालाई अहिले फर्काएर लेकतर्फ लैजान थालिएको उनले बताए । उनी भन्छन्, 'दैनिक तीन/चारसय जति भेँडाबाखा लेकतिर लागेका छन्, शनिबार मात्रै पनि करिब चारसय भेँडाबाखा उकालो लागेका छन् ।'

पाङसिङ, सिर्दिबास, न्याकफेदी, घट्टेखोला, नाग्चेतलगायत क्षेत्रका करिब ७० घरधुरी किसानले भेँडाबाखा पालन गरेका चुमनुब्री-३ का अध्यक्ष रामकुमार गुरुङको भनाइ छ । 'भेँडाबाखा बेशीबाट गाउँमा ल्याउन थालेको केही दिन भयो । बिस्तारै पाङसिङबाटमाथि उकाल्न सुरु हुन्छ', उनले भने, 'अहिले लेक लगेपछि एकैचोटी कात्तिक, मङ्सिरमा तल झार्छ ।'

लेकबाट बेशी झार्ने र बेशीबाट लेक लैजाने गोठालाहरूको मौलिक परम्परा छ । 'लेकको गोठबाट बेशी साइत हेरेर झार्ने गर्छन् । लेकको गोठबाट पनि एकै दिनमा बेशी झार्दैनन् । हावापानीसँग घुलमिल गराउँदै एक महिना लगाएर गाउँसम्म ल्याइ पुऱ्याउँछन्', पाङसिङका विकास गुरुङले भने, 'बेशीबाट लेक लैजान पनि धेरै समय लगाउँछन् । अनि गाउँमा झारिसकेपछि यहाँबाट अन्यत्र लैजानचाहिँ विधिपूर्वक पूजाआजा गरी साइत गर्ने चलन छ ।' जेठ दोस्रो सातासम्ममा भेँडाबाखा लेकको गोठमा पुऱ्याइन्छ ।

भेँडाबाखा पालन गर्ने किसान धेरै भएकाले चुमनुब्री गाउँपालिका-३ मा गोठालालाई प्रोत्साहन कार्यक्रम लागू गरिएको छ । 'गोठालाहरूलाई प्रोत्साहन गर्न बाटो मर्मत, खानेपानीको व्यवस्था, त्रिपाल, सोलार बत्ती, गमबुट, स्लिपिङ ब्याग वितरण गर्ने गरेका छौं', वडाअध्यक्ष गुरुङले भने, 'गाउँपालिकाको ८० प्रतिशत र गोठाला स्वयम्को २० प्रतिशत लागत साझेदारीमा यस्तो कार्यक्रम बर्सेनि गर्ने गर्छौं ।'पालिकाले भेँडाबाखा पालन गर्ने किसानलाई प्रोत्साहन दिन कार्यक्रम गरिरहे पनि बर्सेनि भेडाबाखा पालन गर्ने किसानको संख्या भने घट्दो रहेको उनको भनाइ छ ।

गोठालाहरूलाई प्रोत्साहन स्वरूप चुमनुब्री गाउँपालिकाले यस वर्ष घुम्ती गोठ सामग्री वितरण कार्यक्रम सञ्चालन गरेको पालिकाको प्रमुख प्रशासकीय अधिकृत मनोज लामिछानेले बताए ।

## हवाई सुरक्षालाई आधुनिकीकरण गर्नेबारे छलफल

■ प्रभाव संवाददाता

**काठमाडौं**– बदलिँदो परिस्थितिमा मुलुकको हवाई सुरक्षालाई आधुनिकीकरण गर्ने उपायको खोजी गर्न विज्ञहरूबीच विचारविमर्श भएको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले पुल्चोक क्याम्पसको 'मेकानिकल एन्ड एरोस्पेस इन्जिनियरिङ' विभागमा बिहीबार आयोजना गरेको एकदिने कार्यशालामा सुरक्षाको दृष्टिले महत्त्वपूर्ण पाटोका रूपमा रहेको 'फ्लाइट डाटा मोनिटरिङ एन्ड एनालाइसिस' विषयमा सम्बन्धित वायुसेवा कम्पनी तथा अन्य सरोकारवाला निकायबीच छलफल भएको हो ।

कार्यशालामा नेपालकै पहिलो 'फ्लाइट डेटा मनिटरिङ' (एफडीएम) सम्बन्धी 'फ्लाइट डाटा मोनिटरिङ एन्ड एनालाइसिस इम्प्लिमेन्टेसन फर फ्लाइट सेफ्टी विषयक विज्ञहरूले प्रस्तुति दिएका थिए । पर्यटन मन्त्रालयका सचिव मुकुन्दप्रसाद निरौलाले उद्घाटन गरेको उक्त कार्यक्रममा मन्त्रालयका सहसचिव मुकेश डंगोलले कार्यक्रमको उद्देश्यबारेमा सहभागीहरूलाई जानकारी गराएका थिए । उक्त कार्यक्रममा हवाई उडानका तथ्यांकहरूको विश्लेषण गरी भविष्यमा हुनसक्ने हवाई दुर्घटना न्यूनीकरण गर्न र तथ्यांकमा आधारित सुरक्षा प्रणाली लागू गर्न विशेष जोड दिइएको थियो ।

पुल्चोक क्याम्पसको डिपार्टमेन्ट अफ मेकानिकल एन्ड एरोस्पेस इन्जिनियरिङका विभागीय प्रमुख डा सुदीप भट्टराईको प्राविधिक नेतृत्व र हिमालय एयरलाइन्सको व्यावहारिक अनुभव समेटिएको यस कार्यशालाले प्राज्ञिक ज्ञान र हवाई उद्योगबीचको सम्बन्धलाई सुदृढ बनाएको मन्त्रालयले जनाएको छ । हिमालय एयरलाइन्सको तर्फबाट उडान जोखिम पहिचान र अन्तरराष्ट्रिय मापदण्डका सफल अभ्यासहरू प्रस्तुत गरिएको थियो ।

विज्ञ सहजकर्ताका रूपमा सहजीकरण गरेका डा भट्टराईले हवाई सुरक्षाको दृष्टिकोणबाट महत्वपूर्ण रहेको फ्लाइट डाटा मनिटरिङ एनालाइसिस र यसको महत्वको बारेमा जानकारी गराउँदै कार्यान्वयनमा भइरहेको समस्या एवं समाधानका उपायका बारेमा आफ्नो प्रस्तुति दिएका थिए ।

सहभागी वायुसेवा कम्पनीका प्रतिनिधिहरूले आआफ्नो संस्थामा एफडिएम कार्यान्वयनको अवस्थाबारेमा जानकारी दिएका थिए । उक्त कार्यक्रमले एफडिएमको प्रभावकारी रूपमा कार्यान्वयनमा जोड दिनुका साथै नेपालको हवाई क्षेत्रलाई अन्तरराष्ट्रियस्तरमा पुऱ्याउन नियामक र सञ्चालकहरूका लागि एक स्पष्ट रणनीतिक मार्गचित्रसमेत तयार गर्न सहयोग पुगेको मन्त्रालयको नागरिक उ•यन महाशाखाले जनाएको छ ।

कार्यक्रममा नेपाली वायुसेवा कम्पनीबाट हवाई सुरक्षासँग सम्बन्धित कर्मचारी, नियामक निकाय, नेपाल नागरिक उ•यन प्राधिकरणबाट सम्बन्धित क्षेत्र हेर्ने पदाधिकारी, पुल्चोक क्याम्पसको सम्बन्धित विभागका विद्यार्थी र मन्त्रालयको नागरिक उड्डयन महाशाखाका कर्मचारीलगायतको उपस्थिति थियो ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ